# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ११ अङ्क ५ पूर्णाङ्क ४७५ | २०८३ साउन १८ गते सोमबार | Monday, 3 August, 2026 | पृष्ठ ८ | मूल्य रू. १० |–


## कमरेड विमला श्रेष्ठको श्रद्धाञ्जलीसभा सम्पन्न



ललितपुर । ललितपुर महानगर कुपण्डोलस्थित बैकुण्ठ-चेत स्मृति साँस्कृतिक सभा कक्षमा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रीय समिति, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सिन्धुपाल्चोक र क्रान्तिकारी महिला संगठन नेपाल बाँकी ७ पेजमा

# ‘पाँच बुँदे सम्झौता धोका हो, लघुवित्त खारेजी नगरेसम्म आन्दोलन रोकिन्न’

काठमाडौं । नेपाल सरकार र मनिराम ज्ञवाली नेतृत्वको लघुवित्त तथा वित्तिय शोषण विरुद्ध संघर्ष समितिबीच हालै भएको ५ बुँदे समझौता आफूहरू विरोधी भएको लघुवित्त पीडितले आरोप लगाएका छन् । शनिबार राजधानीको संवाद डबलीमा ‘लघुवित्त तथा वित्तीय शोषण विरुद्ध किसान-मजदुर आन्दोलन, नेपाल’ले पत्रकार सम्मेलनको आयोजना गरी ज्ञवालीले गरेको सम्झौता धोका भएकोसमेत बताएको छ ।

किसान-मजदुर आन्दोलनका अध्यक्ष रमेश सेन्चुरीले ५ वर्षदेखि निरन्तर आन्दोलनरत पीडितहरूलाई झुक्याएर ज्ञवालीले आफू अनुकुल सरकारसँग सम्झौता गरेको आरोप लगाए । सेन्चुरीले अधिकाशं पीडितहरूको आवाजलाई वेवास्ता गरी पीडित विरोधी गरिएको सम्झौताले थप जटिलता पैदा गरेको जनाए । “२०८१ असारमा सरकार र पीडितबीच वार्तापछि सार्वजनिक गरिएको ६ बुँदे प्रतिवेदनमै टेकेर त्यसैलाई लागु गर्ने सहमति सरासर धोका हो, जुन पूर्णतया




पीडित विरोधी थियो”सेन्चुरीले भने ।

सेन्चुरीले देशभर ६० लाख लघुवित्त पीडितहरू रहेको र सबै सो सम्झौता विरुद्धमा रहेको जिकिर गर्दै भने,“हामी सरकारसँग भएको सम्झौता खारेज गर्दै पीडितका पक्षमा नयाँ सम्झौताका लागि आह्वान गर्दछौं ।”

आन्दोलनका इन्चार्ज सूरेश घिमिरेले ५ वर्षको निरन्तर आन्दोलनलाई मनिराम ज्ञवालीले तुहाउन खोजोको आरोप लगाए । उनले अधिकाशं पीडितहरू अझै पनि संघर्षको मैदानमा रहेको बताउँदै घिमिरेले भने,“ज्ञवाली जीले पीडितलाई धोका दिएर नेपाल सरकारसमक्ष घुँडा टेकी आन्दोलनको विक्री गर्नुभएको छ, तर हामी त्यो सफल हुनदिने छैनौं ।


नेपाल सरकारले आफू त्यसबाट पन्छिन एकातिर ‘लघुवित्त संस्थाहरूभित्र खराबि छ’ पनि भन्ने तर तिनलाई कारबाही पनि नगर्ने र अकार्तिर ‘संघर्ष समिति पनि अपराधिकरणातिर उन्मुख छन्’ भन्ने प्रतिवेदन निकालेको घिमिरेले बताए । “यस्तो पीडित विरोधी प्रतिवेदनलाई अधार मानेर अध्यक्ष मनिराम ज्ञवालीले अफै हस्ताक्षर गर्नु दुर्भाग्यको विषय हो” घिमिरेले थपे ।

आन्दोलनकी उपाध्यक्ष विमला गजमेर र हरिमाया मल्लले ज्ञवालीले गरेको सम्झौता पूर्णरूपले पीडित विरोधी भएकाले आफूहरूले न्याय नपाउन्जेल आन्दोलन जारी राख्ने जनाईन् ।

महासचिव दमोदर ढकालले आफ्नो संगठनको नेतृत्वमा साउन १० गतेबाट पीडितहरूले राजधानी न्याय ‘मार्च’ सुरु गरिहँदा ज्ञवाली अत्तालिएर आत्मघाति सम्झौता गरेको आरोप लगाए ।

सचिव होम बहादुर खड्काले लघुवित्त संस्थाहरूको बाँकी ६ पेजमा

## जातीय तथा धार्मिक विद्वेष नफैलाउन र सामाजिक सद्भाव कायम राख्न महासंघको अपिल



काठमाडौं । यतिबेला पूर्वी तराईका सुनसरी, मोरङ, सिराहा, धनुषा तथा पर्सा जिल्लाका सहर बजार धार्मिक द्वन्द्वले आक्रान्त बनेको छ । स्थितिलाई साम्य पार्न जिल्ला प्रशासनले ती जिल्लाका द्वन्द्वग्रस्त क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको छ । स्थानीय सरकार भनिएको प्रदेश सरकार तथा पालिका सरकार एवम् प्रहरी प्रशासनको समयमै ध्यान नपुग्दा ‘हिन्दू’ र ‘मुस्लिम’ समुदायका बिच झडपको अवस्था सिर्जना भयो । झडपले उग्र रूप लिइसकेपछि प्रहरी परिचालन गर्दा गोली चल्यो र कप्तानगञ्ज र सिराहाको गोलबजारमा दुइ जना युवाले ज्यान गुमाउनु पऱ्यो । यसै विषयमा आज बाँकी ७ पेजमा

# देशको अखण्डताको रक्षा गर्न र सामाजिक सद्भाव कायम राख्न क्रान्तिकारी कम्युनिस्ट पार्टीको आव्हान



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका-३ स्थित कप्तानगन्जको घटनाबारे आफ्नो धारणा सार्वजनिक गर्दै देशको अखण्डताको रक्षा गर्न र सामाजिक सद्भाव कायम राखी साम्राज्यवादका विरुद्ध एकताबद्ध भएर रहन उक्त क्षेत्रका दुवै समुदायसहित आम नेपाली जनतामा विशेष आव्हान गरेको छ ।

पार्टीका प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, “समान सङ्ख्यामा रहेका दुवै समुदाय, हिन्दु र मुश्लिम, मिलीजुली बसोबास गर्दै आएको बस्ती हो । उक्त बस्तीमा २०८३ श्रावण ११ गते बिहान ४ बजे अचानक बत्ति निभ्दछ र गोली चल्दछ । बाँकी ७ पृष्ठमा

## यही साउन २३ गते शनिवार विहान ७ बजे केन्द्रीय समितिको जुम मिटिंग बस्ने निर्णय गर्दै क्रान्तिकारी प्रेस संगठनको सचिवालय बैठक सम्पन्न

काठमाडौं । क्रान्तिकारी प्रेस संगठनको सचिवालय बैठक काठमान्डौमा सम्पन्न गरिएको छ । लघुवित्तीय तथा वित्तीय शोषण विरुद्ध राजधानी न्याय मार्चको आज छैठौं दिन : त्रिपुरेश्वरको राम मन्दीर चौरमा गरिएको उक्त बैठकको अध्यक्षता संगठनका केन्द्रीय संयोजक नारायण पंगेनीले गर्नु भएको थियो । बैठकले ज्ञात अज्ञात सहीदहरूप्रति एक मिनट मौनधारण पछि अध्यक्षबाट सक्षिप्त रिपोटिंग र केन्दैीय सचिवालय सदस्य दामोदर खनालव्धरा संक्षिप्त रिपोर्टिग र क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका सूचना, सञ्चार तथा प्रकाशन विभाग सचिव हुकुमबहादुर सिंहबाट बैठकको भाव सम्प्रेषण पछि सचिवालय बैठकले यही श्रावणा २३ गते शनिवार विहान ७ बजे केन्द्रीय समितिको जुम मिटिंग बस्ने निर्णय गर्दै सो को व्यवस्थापनको जिम्मेवारी क्रान्तिकारी प्रेस संगठनका संयोजक नारायण पंगेनीलाई दिइयो ।

संगठनको नौ सदस्यीय सचिवालयमा संयोजक नारायण पंगेनी र सदस्यहरूमा मनु विक, झनक श्रेष्ठ, अनु निरौला, टेकहरी न्यौपाने,दामोदर खनाल, गोविन्द पौडेल, सागर श्रेष्ठ र कुमार भटराई रहनु भएको छ ।

## धार्मिक सद्भाव सामाजिक एकता र शान्ति कायम गर्न प्राध्यापकहरुको साझा अपिल




काठमाडौ । सुनसरी जिल्लाको देवानगञ्जमा भएको ‘हिन्दू’ र ‘मुस्लिम’ धर्मावलम्बी जनताका बिचको हिंसात्मक द्वन्द्व अहिले पूर्वी तराइका सिराहा, धनुषा, पर्सा र मोरङ जिल्लाका विभिन्न शहरहरूमा फैलिएको छ । द्वन्द्व नियन्त्रणका क्रममा प्रहरी र स्थानीय जनताका बिचमा भएको झडपमा परि प्रहरीको गोली लागेर केही युवाहरूको मृत्यु समेत् भइसकेको छ भने ती द्वन्द्वग्रस्त क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको छ ।

यसै सन्दर्भमा नेपालका विभिन्न राजनीतिक दलसँग वैचारिक आस्था राख्ने ६ वटा प्राध्यापक सङ्गठनहरूले संयुक्त रूपमा आज एक विज्ञप्ति जारी गर्दै धार्मिक सद्भाव कायम गर्न र सामाजिक एकता कायम गर्दै शान्ति स्थापना गर्न अपिल गरेका छन् ।

## वर्तमान नेपालको राजनीतिक संकट : कारण, चरित्र र निकास



● सुरेश श्रेष्ठ ●

*भूमिका*

नेपालको आधुनिक राजनीतिक इतिहास संघर्ष, परिवर्तन र रूपान्तरणको इतिहास हो । राणा शासनविरुद्धको आन्दोलनदेखि २००७ सालको राजनीतिक परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०५२ सालको जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, विस्तृत शान्ति प्रक्रिया, संविधानसभा हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म नेपाली जनताले राजनीतिक अधिकार, सामाजिक न्याय, समानता, पहिचान, स्वाधीनता र शोषणमुक्त समाजको आकांक्षाका लागि संघर्ष गर्दै आएका छन् । यी संघर्षहरूले राज्यको राजनीतिक संरचनामा महत्वपूर्ण परिवर्तन ल्याए । तर राजनीतिक व्यवस्थामा भएको परिवर्तन अनुरूप आर्थिक संरचना, उत्पादन सम्बन्ध, राज्यसत्ताको सामाजिक आधार र वर्गीय शक्ति सम्बन्धमा अपेक्षित गुणात्मक रूपान्तरण हुन सकेन ।

आजको राजनीतिक संकट सरकार परिवर्तन, सत्ता-गठबन्धन, नेतृत्वको कमजोरी वा भ्रष्टाचारको प्रश्नमा मात्र सीमित छैन । यसको गहिरो आधार उत्पादनका साधनमाथिको स्वामित्व, उत्पादन सम्बन्ध, वर्गीय शक्ति संरचना, आर्थिक निर्भरता, सामाजिक विभेद, राज्यसत्ताको चरित्र तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति सम्बन्धमा रहेको छ । राजनीतिक परिवर्तन र आर्थिक-सामाजिक रूपान्तरणबीचको यही अन्तरविरोधले संकटलाई पुनरुत्पादन गरिरहेको छ ।

त्यसैले वर्तमान संकटलाई बुझ्न तत्कालीन राजनीतिक घटनाभन्दा पर गएर यसको ऐतिहासिक पृष्ठभूमि, आर्थिक तथा सामाजिक आधार, वर्गीय र वैचारिक चरित्र, नवउदारवादी निर्भरता, नवऔपनिवेशवादी प्रभाव तथा त्यसको सम्भावित निकासलाई समग्रतामा विश्लेषण गर्न आवश्यक छ । बाँकी ७ पृष्ठमा

## सम्पादकीय

# न्यायका लागि सुकुम्बासी, लघुवित्त र सहकारीपीडितहरुबीच एकताको खाँचो

शोषित, पीडित र दमितहरू जबसम्म एकताबद्ध भएर राज्यव्यवस्थाका विरुद्ध संघर्ष गर्दैनन्, उनीहरूले वास्तविक न्याय पाउन सक्दैनन् । राज्यसत्ताको चरित्र वर्गीय हुन्छ । अहिले सत्तामा भएको वर्ग भनेको सामन्त, नोकरशाही र दलाल पुँजीपतिवर्ग हो । सुकुम्बासी तथा गरिब अव्यवस्थित बसोबासी, लघुवित्त र सहकारी पीडितहरूमाथि शोषण र दमन गर्ने तिनै सत्तासिन वर्ग हुन् । उनीहरूले आफ्नो लुटको स्वर्ग कायम राख्न, शोषणका अनेक दुश्चक्र कायम राख्न, शोषण र दमनको औचित्य सिद्ध गर्न कहिल्यैपनि पीडितहरूलाई एकताबद्ध हुन र संघर्ष गर्न दिँदैनन् । अनेकन जालझेल, छलछाम, षड्यन्त्र, प्रलोभन र आश्वासनको मञ्चन गरिरहन्छन् । तसर्थ, यदि न्याय चाहने हो र न्यायका निम्ति सडकमा आएको हो भने सबै पीडितहरू एक भएर लड्नै पर्छ । अनि मात्रै न्याय पाउन सम्भव छ । ७० लाख सुकुम्बासीहरू, ६० लाख लघुवित्त पीडितहरू र लाखौ सहकारी पीडितहरू एकभएर न्यायपूर्ण संघर्ष उठान गर्ने हो भने यो सरकारले अवश्यै घुँडा टेक्ने छ । अन्यथा, उनीहरूकै फुटाउ र शासन गर को शिकार शोषित उत्पीडित वर्ग र समुदाय बनिरहने छ । सुकुम्बासी तथा गरिब अव्यवस्थित बसोबासीमाथि राज्यले आफ्नो सम्पूर्ण सुरक्षा शक्तिको दुरूपयोग गरेर उनीहरूलाई घरबारविहीन बनाइदियो । डोजर लगाएर घर भत्काइदियो । घरसँगै सुकुम्बासीहरू तथा गरिब अव्यस्थितहरूको सर्वस्व हरण भयो । काठमाडौंका २९ वटा सुकुम्बासी बस्तीका २० हजारभन्दा नागरिकहरूलाई बालेन्द्र साह नेतृत्वको सरकारले फासिवादी अमानवीय क्रूरताको माखेसाङ्लोमा पाऱ्यो । होल्डिङ सेन्टरको यातनालय खडा गरेर विस्थापितमध्ये ६ प्रतिशत नागरिकहरूको मानवताको हुर्मत लिने काम गऱ्यो । ९ जना सुकुम्बासीहरू राज्यको यही फासिवादी दमनका कारण ज्यान गयो । हजारौ विस्थापितहरू मानसिक रोगी बन्न पुगेका छन् । चार पाँच पुस्तादेखि बस्दै आएको, पुस्तौको श्रम पसिना र मिहनेतले बनाएका घरहरू डोर लगाएर ध्वस्त पारी उनीहरूमाथि अपराधीलाई झै राज्यले व्यवहार गर्दा उनीहरूको मनस्थितिमा के बितिरहेको होला ? यो देशका शासकहरूले यो मानवीय संकट र संवेदनाको बोध गर्ने क्षमता र साहस नै राख्दैनन् । यतिठूलो मानवताविरुद्धको अपराध हुँदा पनि यहाँका आफूलाई ठूला भन्ने संसदका प्रतिपक्षी पार्टीहरू पनि छिटपुट विरोधबाहेक चुपचापै छन् । तर पीडित सुकुम्बासीहरूले संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको ब्यानरमा तथा अन्य क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत जनपक्षीय पार्टीहरूले पनि राज्य दमनका विरुद्ध केही कार्यक्रमहरू गरेका छन् । तर राज्यले सुनुवाइ गरेको छैन ।

उता, लघुवित्तहरूले गाउँ गाउँमा पसेर न्यून आय भएका गरिब किसानहरूमा ऋण प्रवाह गर्ने, गरिबी न्यूनीकरण गर्ने, महिला सशक्तिकरण, स्वरोजगार प्रबर्द्धन तथा वित्तीय पहुँच विस्तार गर्ने नाममा वित्तीय शोषणको दुष्चक्रममा फसाएको छ । उनीहरूलाई मिटरब्याजको रूपमा भूमिहीन बनाइरहेको छ । एउटै व्यक्तिलाई धेरै संस्थाबाट ऋण प्रवाह गर्ने, पुरानो ऋणको किस्ता तिर्न नयाँ ऋण लिन बाध्य बनाउने, चर्को तथा चक्रवर्ती ब्याज लगाउने, विभिन्न नाममा सेवा शुल्क र हर्जाना असुल गर्ने तथा तिरेको रकमको स्पष्ट हिसाब नदिने प्रवृत्तिले पीडितहरूको ऋणभार निरन्तर बढाएको छ । किस्ता तिर्न नक्स्दा सार्वनिक अपमान, धम्की, समूहगत दबाब, सामाजिक बहिस्कार, कालोसूचि र सम्पत्ति लिलामीजस्ता अमानवीय कार्य बढेर गएका छन् । यसले पारिवारिक विखण्डन, मानसिक तनाव, सामाजिक अपमान, विस्थापन र आत्मसम्मानमा गम्भीर चोट पुऱ्याएको छ । यही अन्यायका विरुघ लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान-मजदुर आन्दोलन गठन गरेर विगत पाँच वर्षदेखि आन्दोलन गर्दै आइरहेका छन् । तर ठोस रूपमा माग सम्बोधन भएको छैन ।

उता सहरकारी पीडितहरूले पनि विगत लामो समयदेखि आन्दोलन गरे पनि माग सुनुवाइ भएको छैन । सुकुम्बासी तथा अव्यवस्थित बसोबासी, लघुवित्त पीडित र सहकारी पीडितहरू वर्गीय हिसाबले एउटै वर्ग- 'गरिखाने', 'श्रमजीवी' वर्गकै हुन् । जबसम्म गरिखाने श्रमजीवी वर्गहरू आफ्ना साझा तथा विशिष्ट मुद्दाहरूमा मिलेर एकताबद्ध भएर शोषक, पीडक वर्ग अर्थात् राज्यव्यवस्थाका विरुद्ध लड्दैनन्, तबसम्म उनीहरूले न्याय पाउन सक्दैनन् । उनीहरूलाई अनेकन् प्रलोभन र आश्वासनमा आन्दोलनलाई तुहाइदिने अनेक प्रपञ्च गरिरहन्छन्, तसर्थ न्यायका लागि शोषित, पीडित र दमितहरूको एकीकृत आन्दोलनको उठानमा विशेष ध्यान दिन ढिला गर्नुहुन्न । यसतर्फ सम्बन्धित सबैको बेलैमा ध्यान पुगोस् ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# नेपाल र भारतबीच हुने सीमा वार्ता र अतिक्रमणको प्रश्न



● डा. केशव देवकोटा ●

नेपाल र भारतकाबीचमा आगामी २७ गतेदेखि सीमावार्ता हुने समाचार सार्बजनिक भएको छ । पूर्बी तराइका सुनसरीलगायतका जिल्लामा अस्थिरता बढिरहेकै बेला उक्त प्रचार गरिएका कारण त्यसमा गंभिर षडयन्त्र लुकेको हुनसक्ने संभावना पनि रहेको छ । एकाएक केही सञ्चार माध्यमहरूमार्फत सीमासम्बन्धी प्राविधिक विषयमा छलफलगर्न सर्वे अधिकारी समिति (एसओसी) को १३ औँ बैठक यही साउन २७ देखि २९ गतेसम्म भारतको लखनउमा बस्ने प्रचार गरिएको छ । सो बैठकमा सीमा कार्य समूह (बीडब्लूजी)को सातौँ बैठकले गरेका निर्णय कार्यान्वयनका लागि आवश्यक योजना र बजेट अनुमोदन गरिने भनिएको छ । बीडब्लूजी नेपालको सुस्ता र कालापानीबाहेक सीमासम्बन्धी प्राविधिक विषय हेर्ने नेपाल-भारतबीचको सबैभन्दा उच्च द्विपक्षीय संयन्त्र हो । बीडब्लूजीको सातौँ बैठक गतवर्ष जुलाई ३० मा बसेको थियो । बीडब्लूजीको यसअघिको बैठकले नयाँ सीमा स्तम्भ निर्माण, क्षतिग्रस्त स्तम्भको संयुक्त मर्मत तथा सीमासम्बन्धी अन्य प्राविधिक काम तीनवर्षभित्र सम्पन्नगर्ने सहमति गरेको भनिएको थियो । भनिन्छ गतवर्षको बैठकमा दुवै देशले दशगजा क्षेत्रमा भएका अतिक्रमणको अभिलेख तयारगर्ने तथा दुवै देशका नागरिकका सीमापार सम्पत्ति विवरण संकलनगर्ने सहमति पनि भएको थियो । उक्त सहमतिअनुसार तयगरिएको समयसीमाको दुईबर्ष पूरा भइसकेको छ । अब बाँकी एक वर्षका लागि कार्ययोजना तयारगरिने भनिएको छ ।

नेपालले सन् २०२० मा नयाँ राजनीतिक नक्शा (चुच्चे नक्शा) जारी गरेपछि नेपाल-भारत सीमा विषय द्विपक्षीय सम्बन्धको प्रमुख एजेण्डा बन्दैआएको छ । सन् २०१४ मा भएको नेपाल भ्रमणकाक्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बीडब्लूजी गठनगर्ने सहमति गर्नुभएको थियो । जसको कार्यदिशामा दशगजा क्षेत्र खाली गराउने, सीमा स्तम्भ निर्माण, पुनःस्थापना तथा मर्मतगर्ने, सीमापार सम्पत्तिको अभिलेख अद्यावधिकगर्ने तथा सीमासम्बन्धी अन्य प्राविधिक कार्य सम्पन्नगर्ने विषय समेटिएका थिए । नेपाल र भारत दुवै देशले शुरुमा सन् २०१५ मा तीन वर्षभित्र प्राविधिक काम सम्पन्नगर्ने लक्ष्य राखेको भनिएको थियो । उक्त लक्ष्य पनि पूराहुन नसकेपछि २०१७ मा पुनः समयसीमा थप्दै २०२२ सम्म कामसक्ने सहमति भएको थियो । बजेटको अभाव, कोरोनाको महामारी, पटक,पटक उत्पन्न भएका नयाँ सीमा विवाद तथा प्रतिकूल मौसमका कारण सबै समयसीमा हालसम्म पनि पूराहुन सकिरहेका छैनन् । यस पटकको बैठकमा ग्लोबल पोजिसनिङ सिष्टम (जीपीएस) बेस स्टेसनको स्तरोन्नतिसम्बन्धी विषय पनि समीक्षा हुने भनिएको छ । सीमा वार्ताका लागि एकातिर संसदमा रहेका दलहरूकाबीचमा सर्बदलीय बैठकबाट सहमति हुनुपर्दछभने अर्कातिर नेपालका बर्तमान प्रधानमन्त्रि वालेन्द्र शाहले संसदमा नेपालले पनि भारतको जमिन अतिक्रमण गरेको आफूसँग प्रमाण छभनी दिनुभएको अभिब्यक्तिको टुंगो लागेको हुनुपर्दछ । स्पष्ट कुरा के छभने नेपालले भारतको जमिन कहिल्यै पनि अतिक्रमण गरेको छैन । बरु नेपालको ठूलो भूभाग भारततर्फ परेको छ । त्यसैगरी सीमा पनि मिचेको छैन । तर, सीमानाकाका केही स्थानमा आवाद-कमोद (भोगचलन) भएका जमिनमा क्रस होल्डिङ अकुपेसन (सीमापार जोत कमोद तथा दख्खल) भएका हुनसक्छन् । लिम्पियाधुरा, कालापानी र सुस्तामा भारतले गरेकोजस्तो भूमि अतिक्रमण नेपालले कुनैपनि सीमाक्षेत्रमा गरेको छैन ।

प्रधानमन्त्री वालेन्द्रले संसदमा बोल्दा लिम्पियाधुरा र कालापानीमा भारतले गरेको अतिक्रमणको विषय उठाउनुभएको थियो । त्यसलाई क्रसहोल्डिङ अकुपेसनसँग तुलनागर्न मिल्दैन । क्रसहोल्डिङ अकुपेसनमा एक, दुई बिघा जमिनको कुरा हुन्छभने लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रमा करिब ३७२ वर्ग किलोमिटर भूभागको कुरा रहेको छ । झण्डै ६४ वर्षदेखि नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र भारतको नियन्त्रणमा रहँदै आएको छ । नेपालले पटक, पटक कुरा उठाउँदा पनि भारतले सुनिरहेको छैन । सन् १८१६ को मार्च चारमा नेपाल र भारतबीच भएको सुगौली सन्धिका आधारमा दुई देशकाबीचमा सीमा निर्धारण भएको ऐतिहासिक तथ्य रहेको छ । त्यसैले भारतसँग सीमा समस्याकाबारेमा वार्तागर्ने कुरा कुनै ख्यालठट्टाको बिषय होइन । खुला सीमाना, दुई देशको जनस्तरको साँस्कृतिक सम्बन्ध, व्यापारिक साझेदारी तथा राजनीतिक सम्बन्ध आदिले नेपाल भारतसँग जोडिएको छ । भारतले पनि पछिल्लो पटक सन् २०१९ को नोभेम्बर दुईमा आफ्नो देशको नयाँ राजनीतिक नक्शा जारीगरेको थियो । त्यसले पनि समस्या सुल्झाउनेभन्दा पनि बल्झाउने काम गरेको स्पष्ट छ । त्यतिबेला भारतले जारीगरेको नक्शामा नेपालको भूमि (कालापानी र लिपुलेक) भारतमा रहेको देखाएको थियो ।

त्यसबारे त्यतिबेलानै नेपालको सरकारले भारतको ध्यानाकर्षण गराए पनि भारतले इन्कारगर्दै आएको छ र उक्त नक्शा हालसम्म सच्याएको पनि छैन । भारतले आफ्नो नयाँ नक्शा सार्वजनिक गरेपछि नेपालले कूटनीतिक तवरबाट आफ्ना ऐतिहासिक, प्राविधिक तथा तथ्य प्रमाणका आधारहरू प्रस्तुत गरेर सो समस्या सुल्झाउनुपर्नेमा त्यो पनि हुन सकिरहेको छैन । नेपालका २७ जिल्लाको सीमाना भारतसँग जोडिएको अवस्था छ । त्यसमध्ये २४ जिल्लाको सीमाना अतिक्रमित भएको छ । बिभिन्न अध्ययनहरूले नेपालको ६०६ वर्ग किलोमिटर भूभाग भारतले मिचेको देखाएका छन् । अतिक्रमित भूभागको अवस्था कस्तो छ ? भन्नेबारेमा नेपालका सरकारी अधिकारीहरूसमेत अनभिज्ञ रहँदैआएका छन् । खोजर्ता तथा सीमाबिद् बुद्धिनारायण श्रेष्ठले आफ्ना आलेखहरूमा उल्लेख गर्नुभएअनुसार सबैभन्दा बढी अतिक्रमण दार्चुलाको व्यास- १ मा पर्ने लिपुलेक, कालापानी, लिम्पियाधुरामा एकमुष्ट ३७० वर्ग किलोमिटर मिचिएको देखिन्छ । त्यसैगरी नवरपरासीको सुस्तामा १४५ वर्ग किलोमिटर नेपाली भूभाग भारतले अतिक्रमण गरेको छ । त्यसैगरी कञ्चनपुरको प्याराताल, कैलालीको लालबोजी भजनी, पूर्वको पर्सामा ठोरी, मेची नदीतटीय क्षेत्र मिचिएको अवस्था छ । सानातिना गरी करिब ७० भन्दा बढी ठाउँमा भारतले नेपाली भूभाग मिचेको तथ्यांक रहेको छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीले सन् २०१९ को नोभेम्बर नौमै बालुवाटारमा सर्वदलीय बैठक बोलाउनु भएको थियो । जसले लिपुलेक, लिम्पियाधुरा र कालापानी भारतद्वारा मिचिएको ठहरगर्दै त्यसको कूटनीतिकरूपबाट समाधान खोजिनुपर्ने निष्कर्ष निकालेको थियो । नेपालले अबगर्ने भनिएको सीमा सम्बन्धी वार्तामा उक्त निष्कर्षलाई पनि आधार बनाउनुपर्ने हुन्छ ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमण आउँदा दुवै देशका प्रधानमन्त्रीको संयुक्त हस्ताक्षरमा सीमा समाधानका लागि प्रयत्नगर्ने भनिएको थियो । तर त्यसमा पनि हालसम्म कुनै प्रगति भएको देखिएको छैन । त्यस्तो अवस्थामा नेपाल र भारतबीच सीमा विवादबारे वार्तागर्दा तथ्यमा आधारित, संवेदनशील र समाधानमुखी दृष्टिकोण अपनाउनु जरुरी छ । त्यसैगरी ऐतिहासिक सन्धि र दस्तावेजको अध्ययन ( विशेषगरी सन् १८१६ को सुगौली सन्धि, त्यसपछिका नक्शा, प्रशासनिक अभिलेख तथा अन्य ऐतिहासिक प्रमाण) लाई ध्यानमा राख्नुपर्छ । दुवै पक्षले प्रयोगगर्ने प्रमाणहरू फरक हुनसक्ने भएकाले तिनको वस्तुनिष्ठ समीक्षा आवश्यक हुन्छ । नेपाल र भारतबीच शान्तिपूर्ण वार्ता, अन्तर्राष्ट्रिय कानूनी सिद्धान्त र पारस्परिक सहमतिका आधारमा खोजिनुपर्छ । एकपक्षीय कदमले विश्वासमा असर पार्नसक्छ भन्ने कुरा ध्यानमा राख्नुपर्छ । भावनात्मकभन्दा तथ्यमा आधारित सम्वाद राष्ट्रिय भावना स्वाभाविक भएपनि वार्तामा प्रमाण, नक्शा, अभिलेख र कानूनी आधारलाई प्राथमिकता दिनुपर्छ । यसरी नेपाल र भारतबीचको सीमामा अनेकौ जटिलताहरू रहेको अवस्थामा नेपालका प्रधानमन्त्रिले उल्टो कुरा बोलेर केगर्न खोज्नु भएको हो ? त्यो अबको वार्ताले स्पष्टगर्ने निश्चित छ ।

# साऊदी-अमेरिकी यूरेनियम सम्वर्द्धन सम्झौता र सन्देह



● लोकनारायण सुबेदी ●

*साऊदी अरबसँगको यो यूरेनियम सम्वर्द्धन सम्झौताको अमेरिका भित्र पनि बिरोध भइरहेको बिश्लेषकहरू बताइरहेका छन् । अमेरिकाका मानिसहरू के भनिरहेका छन् भने के ट्रम्पले यो बिर्सिएका हुन् कि ९/११ को अमेरिकामाथिको हमला पछि जुन १९ जना आतकीहरू थिए तिनमध्ये १५ जना त साऊदी अरबबाटै परेका थिए ।*

अमेरिका र ईरान बीच युद्ध चलिरहेको बेला मध्यपूर्बबाट एउटा यस्तो समचार सार्वजनिक भएको छ त्यसले मध्यपूर्ब र खाडी क्षेत्रमा मात्र होइन पूरै बिश्वलाई नै तर्साएको छ । त्यो डरलाग्दो समाचार अमेरिका र साऊदी अरब बीच सम्पन्न भएको यूरेनियम सम्बर्द्धन गर्ने समझौता हो ।जुन यूरेनियम सम्वर्द्धनलाई लिएर डोनाल्ड ट्रम्पले ईरानको धरती कम्पायमान गरिरहेका छन् त्यतिबेल उनी साऊदी अरबसँग यस्तो 'डिल' गरेका छन् । गएको २९ जुलाई २०२६ बुधवारका दिन डोनाल्ड ट्रम्पले घोषणा गरिसकेका छन् कि अमेरिकाले साऊदी अरबसँग एउटा अभूतपूर्ब सम्झौता गरेको छ । त्यस महत्वपूर्ण सम्झौता अन्तरगत साऊदी अरबले अमेरिकी सहयोगबाट आफ्नो असैन्य परमाणु कार्यक्रमलाई बिकसित गर्न सक्नेछ । अमेरिकाका ऊर्जा मन्त्री क्रिस राइट र साऊदी अरबका उर्जा मन्त्री प्रिन्स अब्दुल अजीजी बिन सलामानले शान्तिपूर्ण उदेश्यका लागि परमाणु सहयोगसँग जोडिएको यो सम्झौता-एग्रीमेण्ट १२३ मा हस्ताक्षर गरेका हुन् । यसका साथै यी दुइ देश अमेरिका र साऊदी अरबका बीच परमाणु सुरक्षा उपायहरूसँग सम्बन्धित एक द्विपक्षीय सम्झौतामा पनि हस्ताक्षर गरेको छ । ह्वाइट हाउसले यस सम्वन्मा भनेको छ कि दुबै सम्झौता मिलेर आउँदा कयौं दशकसम्म चल्नेछन् अर्बौ डलरको साझेदारीकालागि कानुनी आधार तयार गर्नेछन । त्यस सम्झौतालाई अब आबश्यक समीक्षाका लागि अमेरिकी काँग्रससमक्ष पस्तुत गरिने छ ।

यसको आधिकारिक घोषणापछि अमेरिका र बिश्वका अन्य कयौं देशहरूले यस बारे बिभिन्न प्रतिकृया दिएका र टिप्पणी गरेका छन् । इज्रायलका अर्थ ब्यवस्थामन्त्री नीर बरकातले भनेका छन् कि यदि साऊदी अरब परमाणु ऊर्जाको उपयोग केवल शान्तिपूर्ण उदेश्यहरू र बिद्यूत उत्पादनसम्ममा सीमित राख्दछ भने त उनको देशलाई यसप्रति कुनै आपत्ति हुने कुरा भएन । तर साऊदी अरबले यसको उपयोग परमाणु हतियार बिकसित गर्नका लागि गर्दछ भने इज्रायलले यसलाई कहिल्यै स्वीकार गर्न सक्तैन ।

अर्कातिर इज्रायलकै अर्का पूर्ब रक्षा मन्त्री तथा बिदेश मन्त्री समेत रहेका अबिग्दोर लिवरम्यानले यसको बिरोध गर्दै लेखेका छन् कि साऊदी अरबको असैन्य परमाणु कार्यक्रमा हतियार कार्यक्रममा बद्लिनेछ । उनले चेतावनी समेत दिएका छन् कि यसबाट पूरै मध्यपर्बमा परमाणु हात हतियारको होडबाजी अझ तीब्र हुन सक्तछ जसलाई उनले एउटा पागलपन भरिएको हतियारको प्रतिस्पर्द्धा भन्ने करार गरिदिएका छन् ।

यस सम्झौता अन्तरगत साऊदी अरबमा यूरेनियम सम्वर्द्धन गर्ने अनुमति मिल्न सक्छ र अमेरिकी कम्पनीहरूका ।लागि अबौं डलर को कमाई पनि हुनु सक्तछ । प्रसिद्ध पत्रिका दि वाल स्ट्रिट जर्नलनका अनुसार यो सम्झौतालाई यस्तो किसिमले तयार पारिएको छ कि अमेरिकी कम्पनीहरू साऊदी अरबको उदाउँदो न्यूक्लियर इन्फ्रास्ट्रक्टरको केन्द्रमा बिभिन्न बिदेशी कम्पनीहरू यसभन्दा बाहिर छन्। ट्रम्प प्रसाशनका अधिकारीहरूको भनाई रहेको छ भने प्रत्यक्ष अमेरिकी हस्तक्षेपबाट साऊदी परमाणु कार्यक्रममाथि वाशिङ्गटनको असर अझ बढ्ने छ । अर्को तर्क के पनि रहेका पाइन्छ भने अमेरिकी सहभागिताले न्यूक्लियर टेक्नोलोजीलाई सैन्य उदेश्य पूरा गर्नका लागि पनि उपयोग हुनबाट रोक्नका लागि सहयोग मिल्नेछ ।

यस मामिलाले यतिबेला पाकिस्तानको तनाब पनि बढाउन सक्छ किनभने अहिलेसम्म मुस्लिम देशमा केवल पाकिस्तान नैंसँग मात्रै परमाणु हतियार रहेको कुरा जग जाहेर छ । अनि-त्यसैको भरमा नै इस्लामि नाटो बनाउने सपना पाकिस्तानले देख्दै आएको पनि छ । साऊदी अरबल पनि पाकिस्तानसँग यसैका आधारमा बिगतमा सुरक्षा सम्झौता अर्थात् 'डिफेन्स डील' गरेको पनि थियो । यस्तो स्थितिमा साऊदी अरब स्वयं त्यस्ता हतियारको समिपमा पुग्न सक्ने स्थितिमा पुग्यो भने उसका लागि यस सम्वन्धमा पाकिस्तानको प्रासांगिकता पनि समाप्त भएर जाने देखिन्छ ।

साऊदी अरबसँगको यो यूरेनियम सम्वर्द्धन सम्झौताको अमेरिका भित्र पनि बिरोध भइरहेको बिश्लेषकहरू बताइरहेका छन् । अमेरिकाका मानिसहरू के भनिरहेका छन् भने के ट्रम्पले यो बिर्सिएका हुन् कि ९/११ को अमेरिकामाथिको हमला पछि जुन १९ जना आतकीहरू थिए तिनमध्ये १५ जना त साऊदी अरबबाटै परेका थिए । अब ट्रम्पले तिनैसँग यत्रो खतरनाक सम्झौता गर्न लागेका हुन् ? यसबाट केवल मध्यपूर्बका देशहरू मात्रै परमाणु हतियार बनाउने होड मच्चिने होइन,त्यसबाट अझ अघि बढेर पूरै बिश्वभर नै यो होड चल्ने कोशिश हुने स्थिति बन्ने देखिन्छ । त्यसमा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतिबेला आफ्नो कुरा फेर्ने हुने त्यसको पनि कुनै सुनिश्चितता छैन र कसैले तोकेर र ठोकेर भन्न पनि सक्तैन । अहिले चलिरहेको अमेरिका-ईरान युद्धमा नै ट्रम्पका शान्ति बार्ता र सम्झौताको बारेमा धेरैले उनको अस्थिरताको अनुभव गरिसकेका र गरिरहेका छन् । उनी त्यस्ता महत्वपूर्ण र सन्देहास्पद सम्झौता भइसके पछि पनि त्यसमा पछि गएर यस्ता यस्ता नयाँ शर्तहरू जोडिदिने गर्दछन् जसले गर्दा त्यो सम्झौता नै निष्कृय हुने या तोडिने स्थितिमा पुग्दछ । त्यसैले भोलीको कुरा गर्दा के पनि सम्भब देखिन्छ भने कतै इज्रायलको दबाबमा आएर साऊदीसँगको यो सम्झौतामा पनि कतै यस्ता शर्तहरू तेस्याउन अग्रसर नहुन् कि जसले यो परमाणु सम्झौता नै रद्द हुन पुगोस् । त्यसैले अमेरिकाले कति बेला के सम्झौता गर्दछ र त्यो कतिञ्जेल टिक्छ भन्ने कुरा कम्तिमा डोनाल्ड ट्रम्पको समयमा यकिन गरेर कसैले भन्न सक्तैन ।

# संयुक्त जनआन्दोलनको विकल्प छैन



● सन्तबहादुर नेपाली ●

आजभोलि राजनीतिक वृत्तमा संयुक्त मोर्चाबारे व्यापक चर्चा भएको पाइन्छ । त्यो एउटा खुशी र सन्तोषको कुरा पनि हो । खुशी यस अर्थमा हो कि रास्वपाको सरकारले देशमा एकातिर फासिवादी नीतिको कार्यान्वयनमा गइरहेको छ, अर्कोतिर साम्राज्यवाद तथा विस्तारवादलाई नेपालमा नव औपनिवेशिक शोषण र लुटका लागि खुला निमन्त्रणा दिइरहेको छ । त्यसकारणले गर्दा एकातिर देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनता माथि आघात पुग्दैछ, अर्कोतिर जनताले राणाशासन तथा राजाको निरंकुश शासनका विरुद्ध लडेर हजारौं शहिदहरूले बगाएको रगतको उपलब्धिको रूपमा प्राप्त गरेको सीमित पुँजीवादी व्यवस्था र जनताका सामान्य पुँजीवादी अधिकार पनि गुम्ने खतरा उत्पन्न भएको छ । यस्तो राष्ट्रिय संकटको स्थितिमा दलहरूले आन्दोलनका लागि पहल गर्नु राम्रो संकेत हो ।

२०८२ भाद्र २३ र २४ गतेको जेनजी "विद्रोह" पछि विकसित परिस्थितिको मूल्यांकन गर्दा देशमा प्रतिक्रान्ति भएको छ । प्रतिक्रान्तिको अर्थ हिजो जनताको जन आन्दोलनबाट फालिएको राजतन्त्र फर्क्यो वा फर्कन खोज्दैछ भन्ने होइन, यो प्रतिक्रान्ति गणतन्त्र र राष्ट्रिय स्वाधीनताका विरुद्ध अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका दलालहरूको राज्यसत्ता माथि कब्जा हो । अर्को शब्दमा दलालहरूको फासिवादी शासन हो । अहिलेको प्रमुख समस्या भनेको यही हो । यो समस्या रहिरह्यो भने देश साम्राज्यवादीहरूको रणमैदान बन्ने खतरा देखिएको छ । त्यसकारण देशभक्त, प्रजातान्त्रिक शक्तिहरू वामपन्थी र अग्रगामी शक्तिहरू तथा सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिहरूको वृहत संयुक्त मोर्चा आजको आवश्यकता हो ।

जुन जुन बेला वामपन्थी तथा कम्युनिस्टहरू, प्रजातान्त्रिक शक्तिहरूको बीचमा एकता भएको छ र आन्दोलन भएको छ, तत्तत् बेला सामन्तवादलाई ठूला ठूला धक्का दिने काम भएको छ । ०६२/६३ को जनआन्दोलनले त राजनैतिक रूपमा राजतन्त्र नै समाप्त भएको छ । नेपालको इतिहासमा भएका परिवर्तनहरू संयुक्त आन्दोलनकै बलबाट भएका छन् । ०३६, ०४६, ०६२/६३ मा जति संघर्ष भए ती कुनै खास एउटा पार्टीबाट गरिएका आन्दोलन होइनन् । हिजो भएका संयुक्त आन्दोलनहरू सामन्तवाद विरुद्ध थिए । तर आज सामन्तवादको स्थानमा अमेरिकन साम्राज्यवाद र भारतीय विस्तारवाद अगाडि आएको छ । त्यसकारण अबको आन्दोलन प्रजातान्त्रिक मात्र होइन, राष्ट्रिय मुक्ति आन्दोलन पनि हुन सक्छ । यसप्रकारका आन्दोलनका लागि आज पनि संयुक्त मोर्चाको नै आवश्यकता छ ।

अहिले विभिन्न राजनीतिक दलहरूले कार्यगत एकताका आवाजहरू उठाएका छन् र उनीहरू सबै दलहरूलाई मोर्चा निर्माणका लागि अपिल पनि गरेका छन् । खास गरेर श्रावण ७ गते क. पुष्पलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा साम्राज्यवादी हस्तक्षेप र प्रधानमन्त्री बालेन शाहको फासिवादी शासनले गर्दा सबै देशभक्त, वामपन्थी कम्युनिस्ट पार्टीहरू अग्रगामी तथा प्रजातान्त्रिक शक्तिहरू देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनता जोगाउनका लागि एक ठाउँमा आउनुपर्ने जिकिर सबै दलका नेताहरूले गरे । त्यसले राजनैतिक क्षेत्रमा तरंग ल्याएको छ । हाम्रो पार्टी, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पनि देशको अहिलेको संवेदनशील अवस्थामा सबै देशभक्त, प्रजातान्त्रिक वामपन्थी कम्युनिस्ट तथा अग्रगामी शक्तिहरूका बीच वृहत कार्यगत एकताका लागि गृहकार्य शुरु गरेको छ । कार्यगत एकता प्रति सबै दलहरूको जोड हुनु संयुक्त आन्दोलनप्रति सकारात्मक संकेत हो । यसले एक प्रकारले संयुक्त मोर्चा, कार्यगत एकता वा सहकार्य प्रति सबैलाई सकारात्मक सन्देश दिएको छ । तर अहिले पनि वामपन्थी वा प्रजातान्त्रिक सर्कलमा केही संकीर्णता, अधिभूतवादी सोंच वा जडसुत्रता जस्ता प्रवृत्तिहरू पनि देखिने गरेका छन् । उनीहरूको नकारात्मक टिप्पणीले देशभक्त, वामपन्थी, अग्रगामी तथा प्रजातान्त्रिक शक्तिबीच फुट पार्ने र साम्राज्यवादी शक्तिहरूलाई बलियो बनाउने स्थिति आउन सक्छ । तर अर्को कुरा के पनि सत्य हो भने कार्यगत एकता वा मोर्चा बनाउँदा आफ्नो पार्टीलाई कति फाइदा पुग्छ वा पुग्दैन भन्ने हिसाव किताव गरेर गर्ने प्रचलन विगतदेखि चल्दै आएको कुरा हो । खास गरेर निर्वाचनका बेला गरिएका विजातीय गठबन्धनले जनतामा ठूला दलहरू प्रति नकारात्मक सन्देश दिएको छ । त्यसले संसदवादी दलहरूप्रति अविश्वास उत्पन्न भएको छ। त्यो अविश्वासलाई विश्वासमा बदल्नका लागि संसदवादी दलहरूले निर्वाचनका बेला वा शासन सत्ता संचालनका बेला गरेका गल्ती कमजोरीलाई सच्चाउन सक्छन वा सक्दैनन् ? त्यसमा नै विश्वासको वातावरण बन्ने वा नबन्ने कुराको निर्क्यौल गर्छ । हालै पूर्व माओवादी केन्द्र र एमालेले सातै वटा प्रदेशमा संयुक्त सरकार बनाउने सहमति गरेका छन् । विचार मिल्नेहरूबीच सहकार्य हुनु नराम्रो होइन । तर विगतका गल्ती कमजोरीका कारणले गर्दा दुई पार्टीबीच कार्यगत एकता हुँदा पनि त्यसलाई नकारात्मक नै ठानिने गरेको छ । विगतमा खास गरेर ०४६ सालदेखि सरकारमा भएका दलहरूले के के गरे ? देशलाई यो अवस्थामा पुर्‍याउन उनीहरूको के भूमिका रह्यो ? त्यसको मूल्यांकन वा समिक्षा अवश्य गरिने छ र गर्नुपर्छ । तर इतिहासको मूल्यांकन गरिरहने र एकले अर्कोलाई दोषारोपण गरिरहने, अर्कोतिर देश पूर्णरूपले नवऔपनिवेशिक जंजीर भित्र कसिँदै जाने, विदेशी सैनिकहरू नेपाली भूमिमा परेड खेल्ने अवस्था आयो भने इतिहासले कसैलाई माफी दिने छैन । यसको अर्थ विगतका संसदवादी दलहरूले गरेका भूलहरूलाई क्षमा दिनुपर्छ भन्ने हुँदैन, ती भूलहरूप्रति सम्बन्धित पक्षहरूले पश्चाताप गर्नुपर्छ । दलहरू बीच दार्शनिक, सैद्धान्तिक तथा राजनैतिक विषयमा मैत्रीपूर्ण आलोचनाका साथै मुख्य सत्रुका विरुद्ध एकतालाई पनि सँगै लैजानुपर्छ । तर अहिले तत्काल इतिहासको समीक्षा भन्दा हाम्रो अगाडिको भयावह परिस्थिति, जसको नेतृत्व रास्वपाले गरिरहेको छ । यसको सामना गर्नु प्रधान विषय हो । रास्वपाको सरकार बनेपछि साम्राज्यवाद सित नेपाली जनताको अन्तरविरोध क्रमशः अब प्रधान बन्दै गएको छ । निकट भविष्यमा देशमा राष्ट्रिय मुक्ति आन्दोलनको आवश्यकता पनि पर्न सक्छ ।

अहिलेको कार्यगत एकताको आधार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध हुन सक्छ । दोस्रो, बालेन्द्र शाहको फासिवादी शासनको विरोध हुन सक्छ । यी दुई विषयहरू कार्यगत एकताका आधार बन्न सक्छन् । साम्राज्यवादी नीति लागु गर्न बालेन शाहले फासिवाद ल्याउनु अनिवार्य शर्त हो । प्रजातान्त्रिक आधारमा साम्राज्यवादी नीतिलाई लागु गर्न सकिंदैन । त्यो उनको बाध्यता हो । नेपालका राजनीतिक दलहरूका आ-आफ्ना दार्शनिक, सैद्धान्तिक र संगठनात्मक सिद्धान्त छन् । कैयौं मतभेदहरू छन् । ती मतभेदहरूलाई अगाडि सार्दा वर्तमान परिस्थितिमा परिवर्तन गर्न सकिंदैन । सबै देशभक्त, वामपन्थी तथा कम्युनिस्ट शक्तिहरूले देशको स्वाधीनता र जनताको जनजीविका र अधिकारलाई मुख्य विषयवस्तु बनाउनु आवश्यक छ ।

तेस्रो, २०८२ भाद्र २२ र २३ को जेनजी "विद्रोह" संयोगको कुरो थिएन । त्यो अमेरिकन साम्राज्यवादबाट धेरै पहिलेदेखि प्रायोजित थियो । भ्रष्टाचार, सामाजिक संजाल माथिको प्रतिबन्ध र कुशासन एउटा वास्तविकता हुँदा हुँदै पनि त्यो साम्राज्यवादका दलालहरूका लागि एउटा बहाना थियो । जेनजी "विद्रोह" सेनाको संरक्षणका कारण सफल भएको थियो । अन्यथा सफल हुने सम्भावना थिएन । यदि ओली नेतृत्वको सरकारले एसपीपी र आइपीएसलाई स्वीकृति दिएको भए उनको सरकारलाई सत्ताच्यूत गराउने हदसम्म "विद्रोह" अगाडि बढ्ने थिएन । न त सिंहदरबार, सर्वोच्च अदालत, संसद भवनमा आगो लाग्थ्यो । दलहरूका बीचमा जेनजी "विद्रोह" को बारेमा समान अवधारणा बन्न जरुरी छ ।

चौथो, संसदमा एमसीसी पारित गरेपछि अमेरिकी साम्राज्यवाद खुला रूपले देशमा गतिविधि गर्न थाल्यो । चीन विरोधी गतिविधि व्यापक रूपले अगाडि बढ्यो । तिब्बतीयन भिक्षु नेपाल आउँदा राजकीय स्वागत गर्नु र १४ औं दलाई लामाको जन्मोत्सव ६ जुलाईमा काठमाडौंमा भव्य रूपमा पाँचवटा देशका कुटनीतिक नियोगको उपस्थितिमा मनाउनु, सुशिला कार्की प्रधानमन्त्री नियुक्त हुँदा दलाई लामाले बधाई दिनु, तथा सैन्य सहकार्य र उत्तरी क्षेत्रमा नेपाली तथा अमेरिकन सैन्य कैम्पहरू स्थापना गर्न लगातार अमेरिकी सहायक विदेशमन्त्री तथा आइपीएस प्रमुख नेपाल आइरहनु त्यसैको सिलसिला हो । अमेरिकी दुतावासको प्रायोजनमा नेपाली युवाहरूलाई खुला विज्ञापन निकालेर "अमेरिकी युथ काउन्सिल" मा भर्नाका लागि आह्वान गर्नु, त्यसैको प्रतिवादस्वरूप चीनले " युथ पायनीर" मा भर्नाका लागि विज्ञापन गर्नु आदि एमसीसी पछिका घटनाहरू हुन् । नेपालमा "इण्डोप्यासिफिक स्ट्राटेजी" को पोल खुलेपछि अहिले अमेरिकाले पुरानै नाम "प्यासिफिक कमाण्ड" राखेर आईपीएसको काम गरिरहेको छ । यो चीनविरोधी सैन्य रणनीति हो । अमेरिकाले नेपालमा टेकेर चीन विरुद्ध गतिविधि गर्न र तिब्बतलाई चीनबाट अलग गर्न भूमिका खेलिरहेको छ । फ्रि तिब्बतलाई समर्थन गर्नु हाम्रो देशको एक चीन नीति विपरीत छ । तर वालेन सरकार एकपछि अर्को कदमहरू भित्रभित्रै चालिरहेको छ । भारतसित यस भन्दा अघिका सरकारहरूले सुपुर्दगी सन्धि गरेका थिएनन् । सुपुदर्गीसन्धिलाई "फौजदारी विषयमा पारस्परिक कानुनी सहायता सम्बन्धी सम्झौता" नाम परिवर्तन गरी नेपाल-भारत मन्त्री स्तरीय सम्झौता भएको छ । अब जुन सुकै बेला भारतीय पुलिस, सेना, सीवीआई, बीएसएफ लगायतका फोर्समा रहेका व्यक्तिहरू नेपाल आउन र भारतीय वा नेपाली वा तेस्रो देशका नागरिकलाई अपराधी भनेर पक्रने र भारत लैजाने सम्झौताले अधिकार दिएको छ ।

पाँचौं, चीन र भारत मिलेर लिपुलेक हुँदै मानसरोबर जाने बाटो निर्माण गर्न १५ मई २०१५ मा मोदी र सी जिङ पिङले हस्ताक्षर गरेका थिए । नेपालको भूभागमा चीन र भारतले बाटो बनाउने सहमति गर्दा नेपाललाई नसोधिकन गर्नु नेपालको सार्वभौमिकता माथिको हस्तक्षेप हो । नेपाली जनताले यो हस्तक्षेपलाई स्वीकार गर्न सक्दैनन् । भारतले १९५० को असमान सन्धि खारेज गरी नयाँ सन्धि गर्न तयार छैन । गोर्खा भर्ती केन्द्र खारेज गर्न तयार छैन । लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपाली भूभाग छोड्न तयार छैन । कालापानीदेखि सुस्ता हुँदै मेचीको पशुपतिनगरसम्म ६० हजार हेक्टर नेपालको जमिन मिचेको छ । तर वर्तमान प्रधानमन्त्री बालेन शाहले "भारतले मात्र होइन, नेपालले पनि भारतको धेरै ठाउँहरूमा जमिन मिचेको छ ।" भन्ने देशद्रोही अभिव्यक्ति दिन्छन् । उनी त्यसलाई सच्चाउन मान्दैनन् । आज रास्वपाको नेताहरूले साम्राज्यवाद र भारतीय विस्तारवादको हस्तक्षेपलाई स्वीकार गरेर साम्राज्यवादको नांगो दलाली गरिरहेका छन् । त्यसकारण साम्राज्यवादी हस्तक्षेपलाई रोक्नका लागि यो दलाल सरकारको अन्त गर्नु नै आजको महत्वपूर्ण कार्यभार हो ।

छैठौं, बालेन सरकारले शासकीय सुधारका नाममा अध्यादेश जारी गर्ने, प्रधानमन्त्री एक्लैले निर्णयहरू परिवर्तन गर्ने, संवैधानिक अंगका प्रमुखलाई कार्यालयमा बोलाएर धम्काउने, मनपरी ढंगले कानुन बनाउने, अन्य दल माथि कानुन र विधि मिचेर अपमान गर्ने तर आफ्नो पार्टीका नेताहरूलाई बचाउने, सुकुम्बासीहरूको छाप्रामा डोजर चलाएर विस्थापित गर्ने तर वैकल्पिक व्यवस्था नगर्ने । शासकीय सुधारका नाममा सबैको सम्पत्ति छानवीन गर्ने तर मन्त्रीहरूको छानवीन नगर्ने पार्टी नजिकका युवा विद्यार्थी संगठन खारेज गर्ने तर अमेरिका र चीन दुतावासलाई युथ काउन्सिल र युथ पायनीर खोल्न अनुमति दिने, खर्च कटौतीका नाममा मन्त्रालयका सचिवहरू हटाउने तर स्वकीय सचिवर सल्लाहकारको भीड जम्मा गर्ने, यो सुधार होइन, फासिवाद हो ।

१८१६ को सुगौली सन्धि पछि अहिलेसम्मका शासकहरू विदेशी साम्राज्यवादी शक्तिहरूको दलाली गर्दै आए । ०६२/६३ को जनआन्दोलनपछि बनेका सरकारहरू पनि त्यही दलालीमै लम्पसार भए । उनीहरूले साम्राज्यवादको सेवा बफादारीपूर्वक नगरेपछि साम्राज्यवादले विश्वास गरेन र जेनजी "विद्रोह" मार्फत् नयाँ बफादार दलाल तयार गरेको छ । अहिलेका दलालहरू पनि वफादार बनेनन् भने अर्का झन नयाँ दलालहरू ल्याउने छ । नेपाली जनताले यो सबै बुझ्न केही समय लाग्नेछ । त्यतिबेलासम्म परिस्थिति भने धेरै अगाडि बढिसकेको हुनेछ ।

यो परिस्थितिमा नेपाली जनताले के गर्ने ? हाम्रा वीर पूर्खाहरूले जस्तै साम्राज्यवाद र विस्तारवादसित राष्ट्रिय स्वाधीनताका लागि लड्ने वा उनीहरूको दलाली गर्दै आत्मसमर्पण गर्ने ? हामी कर्णेल उजीरसिंह थापा जस्तो बन्ने कि सिक्किमको लेण्डुप दोर्जे जस्तो बन्ने ? यो अहम प्रश्न हाम्रा अगाडि छ । सही कार्यदिशा यो हो कि सम्पूर्ण देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरू एक जुट भएर साम्राज्यवाद र विस्तारवाद विरुद्ध संयुक्त मोर्चा निर्माण गर्नुपर्छ । साम्राज्यवादको विरोधमा जुन हदसम्म दलहरू मिल्न सक्छन्, त्यो हदसम्म संयुक्त मोर्चा, कार्यगत एकता वा आपसी तालमेल गरेर जनआन्दोलन उठाउने प्रयास गर्नुपर्छ । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षा, जनतान्त्रिक अधिकारको रक्षा र जनजीविकाको सुनिश्चितताका लागि यो सरकारलाई सत्ताच्यूत गर्ने सम्मको रणनीति दलहरूले बनाउनुपर्छ । यो दलाल सरकारको स्थानमा कस्तो प्रकारको देशभक्त र स्वाधीन सरकार बनाउन सकिन्छ ? त्यसबारे पनि जनताले सोच्नुपर्ने बेला आएको छ । त्यसका लागि अन्तर संवाद, वृहत राजनीतिक छलफल, भेला, सम्मेलन, जे सम्भव छ, त्यो दिशामा सबै दलहरू अग्रसर हुनुपर्छ । अबको विकल्प त्यही नै हो । यदि अन्य विकल्प छ भने पनि त्यसबारे छलफललाई अगाडि बढाउनु पर्छ ।

# सेउतामा हजारौं आप्रवासीको प्रवेश, स्पेनले सेना परिचालन गर्‍यो



एजेन्सी । उत्तर अफ्रिकास्थित स्पेनको स्वायत्त सहर सेउतामा मोरोक्कोबाट हजारौं आप्रवासीले एकैपटक प्रवेश गर्ने प्रयास गरेपछि स्पेन सरकारले सीमा सुरक्षामा सेना परिचालन गर्दै सुरक्षा व्यवस्था कडा बनाएको छ ।

स्पेनी सञ्चारमाध्यमका अनुसार आप्रवासीहरूले समुद्रमा पौडी खेलेर, रबर ट्यूबको सहारा लिएर तथा सीमा क्षेत्रमा रहेका अवरोध पार गर्दै स्पेनी भूभागमा प्रवेश गर्ने प्रयास गरेका हुन् । घटनापछि सीमा क्षेत्रमा राष्ट्रिय प्रहरी, सिभिल गार्ड र सैनिकको उपस्थिति उल्लेखनीय रूपमा बढाइएको छ ।

अधिकारीहरूका अनुसार घटनामा समुद्रमा डुबेर कम्तीमा १५ जनाको मृत्यु भएको छ । समुद्रमा खोजी तथा उद्धार कार्य जारी रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने आशंका गरिएको छ ।

सेउताका स्थानीय प्रशासनले केन्द्र सरकारसँग तत्काल सहयोगको माग गर्दै आप्रवासीको बढ्दो चापका कारण स्थानीय सेवा, अस्थायी आश्रय र सुरक्षा व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको जनाएको छ । सीमा पार गर्नेहरूमध्ये उल्लेख्य संख्या नाबालिग रहेको बताइएको छ ।

स्पेन सरकारले अवस्थालाई गम्भीर रूपमा लिँदै सेना, राष्ट्रिय प्रहरी र सिभिल गार्डलाई थप परिचालन गरेको छ । साथै, मोरोक्कोसँगको सीमा समन्वय र समुद्री उद्धार अभियानलाई पनि तीव्र बनाइएको छ ।

उत्तर अफ्रिकामा अवस्थित सेउता मोरोक्कोसँग स्थल सीमा जोडिएको स्पेनको स्वायत्त सहर हो । युरोप प्रवेश गर्न खोज्ने आप्रवासीका लागि यो क्षेत्र लामो समयदेखि प्रमुख प्रवेशद्वारका रूपमा रहँदै आएको छ । पछिल्लो घटनाले स्पेनमा आप्रवासन, सीमा सुरक्षा र मानवीय व्यवस्थापनका विषयमा पुनः व्यापक बहस सुरु गराएको छ ।


# शान्ति, सद्भाव र सामाजिक एकता कायम राख्न बाँकेका राजनीतिक दलहरूको अपील



बाँके। देशमा शान्ति सद्भाव र सामाजिक एकता कायम राख्न बाँकेका राजनीतिक दलहरूले अपील गरेका छन् । बाँकेमा क्रियाशील राजीतिक दलहरू क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका अध्यक्ष प्रेम थापा , नेकपा एमाले अध्यक्ष दीपक जिएम , नेपाली कम्युनिष्ट पार्टीका संयोजक राजन रानामगर , नेपाली कांग्रेसका सभापति नारायणप्रसाद गौडेल, रास्वपाका सभापति विवेक कुमार श्रेष्ठ , श्रमसंस्कृति पार्टीका कावा अध्यक्ष राजन रानामगर , रुद्रमढि न्यौपाने सचिव ,राप्रपा सूर्ययादव जसपा सचिव , उपाध्यक्ष राजमो जगदीश ढकाल र प्रलोपा अध्यक्ष दीपक शर्माले संयुक्त रूपमा प्रेस वक्तव्य प्रकाशित गर्दै सो अपील गरेका हुन् । विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ ।-“

नेपालको विविधता हाम्रो साझा शक्ति हो । विभिन्न धर्म, संस्कृति, भाषा र समुदायबीचको आपसी सम्मान, सहिष्णुता र सद्भाव नै हाम्रो समाजको पहिचान तथा लोकतान्त्रिक व्यवस्थाको आधार हो ।

सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा श्रावण १० गते राति भएको दुःखद् घटनाप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौं । त्यसक्रममा गोली लागेर ज्यान गुमाएका दुई युवा ओमप्रकाश मेहता र जयप्रकाश मेहताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण



संयुक्त प्रेस विज्ञप्ति

शान्ति, सद्भाव र सामाजिक एकता कायम गरौं ।

आपसी सद्भाव, भाईचारा तथा जातिय र धार्मिक अपनत्व र पैत्रिक सम्बन्धले सबै नेपालीहरु नेपाल देशको साझा छहारीमा बाँचेका छन् । यो नै हामी नेपालीहरुको अस्तित्व पहिचान हो । अनि, नेपालको विविधता हाम्रो साझा शक्ति हो । विभिन्न धर्म, संस्कृति, भाषा र समुदायबीचको आपसी सम्मान, सहिष्णुता र सद्भाव नै हाम्रो समाजको पहिचान तथा लोकतान्त्रिक व्यवस्थाको आधार हो ।

सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा श्रावण १० गते राति भएको दुःखद् घटनाप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौं । त्यसक्रममा गोली लागेर ज्यान गुमाएका दुई युवा ओमप्रकाश मेहता र जयप्रकाश मेहताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

उक्त घटनापछि देखिएका प्रदर्शन तथा तनावपूर्ण अवस्थाका साथै बिहीबार सिराहा जिल्लामा भएको भडप र त्यसबाट भएको जनधनको क्षतिप्रति पनि हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । त्यसक्रममा ज्यान गुमाएका युवा गणेश यादवप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

यस्ता घटनाले समाजमा अविश्वास, त्रास र विभाजन बढाउने भएकाले सबै पक्षबाट संयमता अपनाउनु आजको आवश्यकता हो । हामी सम्पूर्ण नागरिक, सामाजिक तथा धार्मिक अगुवा, युवा वर्ग, राजनीतिक दलका कार्यकर्ता तथा सरोकारवाला सबैलाई कुनै पनि अफवाह, भ्रामक सूचना वा उत्तेजनात्मक अभिव्यक्तिको पछि नलाग्न हार्दिक आग्रह गर्दछौं । सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट तथ्यहीन सामग्री प्रसारण वा साझा गर्दा त्यसले सामाजिक सद्भावमा गम्भीर असर पार्न सक्ने भएकाले सबैलाई जिम्मेवार बन्न अनुरोध गर्दछौं ।

साथै, नेपाल सरकारसँग घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुन बमोजिम कारबाही गर्न तथा पीडितलाई न्याय र आवश्यक राहतको व्यवस्था गर्न जोडदार माग गर्दछौं ।

बाँके जिल्ला धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावको उत्कृष्ट उदाहरणका रूपमा परिचित छ । यहाँका सम्पूर्ण समुदायबीच कायम रहेको भाइचारा, आपसी विश्वास र सहकार्यलाई अझ सुदृढ बनाउँदै कुनै पनि प्रकारका विभाजनकारी गतिविधिलाई असफल पार्न सबैमा हामी हार्दिक आह्वान गर्दछौं ।

आउनुहोस्, हामी सबै नेपालीहरु शान्ति, सहिष्णुता, कानुनी शासन र राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिऔं । हाम्रो पारस्परिक सम्मान, सद्भाव र भाइचारालाई अझ मजबुत बनाउँदै समुन्नत र सभ्य समाज निर्माणमा योगदान पुर्‍याऔं ।
शान्ति, सद्भाव र राष्ट्रिय एकता कायम गरौं ।
मिति: २०८३/०४/१५

नारायण प्रसाद गौडेल, सभापति, नेपाली कांग्रेस, बाँके
विवेक कुमार श्रेष्ठ, सभापति, रास्वपा, बाँके
निरक गुरुङ, अध्यक्ष, नेकपा एमाले, बाँके
दिपक जि.एम, संयोजक, नेपाली कम्युनिष्ट पार्टी, बाँके
राजन रानामगर, का.वा अध्यक्ष, श्रमसंस्कृति पार्टी, बाँके
रुद्रमणी न्यौपाने, सचिव, राप्रपा, बाँके
सुर्यलाल यादव, सचिव, जसपा नेपाल, बाँके
जगदिश ढकाल, उपाध्यक्ष, रा.ज.मो, बाँके
दिपक शर्मा, अध्यक्ष, प्रलोपा, बाँके
प्रेम थापा, अध्यक्ष, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, बाँके

गर्दछौं ।

उक्त घटनापछि देखिएका प्रदर्शन तथा तनावपूर्ण अवस्थाका साथै बिहीबार सिराहा जिल्लामा भएको झडप र त्यसबाट भएको जनधनको क्षतिप्रति पनि हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।त्यसक्रममा ज्यान गुमाएका युवा गणेश यादवप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

यस्ता घटनाले समाजमा अविश्वास, त्रास र विभाजन बढाउने भएकाले सबै पक्षबाट संयमता अपनाउनु आजको आवश्यकता हो । हामी सम्पूर्ण नागरिक, सामाजिक तथा धार्मिक अगुवा, युवा वर्ग, राजनीतिक दलका कार्यकर्ता तथा सरोकारवाला सबैलाई कुनै पनि अफवाह, भ्रामक सूचना वा उत्तेजनात्मक अभिव्यक्तिको पछि नलाग्न हार्दिक आग्रह गर्दछौं । सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट तथ्यहीन सामग्री प्रसारण वा साझा गर्दा त्यसले सामाजिक सद्भावमा गम्भीर असर पार्न सक्ने भएकाले सबैलाई जिम्मेवार बन्न अनुरोध गर्दछौं ।

साथै, नेपाल सरकारसँग घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुन बमोजिम कारबाही गर्न तथा पीडितलाई न्याय र आवश्यक राहतको व्यवस्था गर्न जोडदार माग गर्दछौं । बाँके जिल्ला धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावको उत्कृष्ट उदाहरणका रूपमा परिचित छ। यहाँका सम्पूर्ण समुदायबीच कायम रहेको भाइचारा, आपसी विश्वास र सहकार्यलाई अझ सुदृढ बनाउँदै कुनै पनि प्रकारका विभाजनकारी गतिविधिलाई असफल पार्न सबैमा हामी हार्दिक आह्वान गर्दछौं ।आउनुहोस्, शान्ति, सहिष्णुता, कानुनी शासन र राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिऔं । सबै नेपालीबीचको पारस्परिक सम्मान, सद्भाव र भाइचारालाई अझ मजबुत बनाउँदै समुन्नत र सभ्य समाज निर्माणमा योगदान पुर्‍याऔं ।शान्ति, सद्भाव र राष्ट्रिय एकता कायम गरौं ।

# बेङ्गलोर दक्षिण नगर समितिअन्तर्गत महिला नगर विभागले प्रगतिशील तीज कार्यक्रम गर्दै



भारत। अखिल भारत नेपाली एकता समाज बेङ्गलोर दक्षिण नगर समिति अन्तर्गत महिला नगर विभागले प्रगतिशील तीज कार्यक्रम गर्ने भएको छ। विभागको २६ जुलाई २०२६ दिन बिभाग कि सचिव मिना बिक को अध्यक्षता र नगर सचिव हरिश बि क को विशेष उपस्थितिमा बसेको बैठकले तीज कार्यक्रम गर्ने निर्णय गरेको हो। बैठकले सन् २०२६ तदअनुसार २०८३ सालको प्रगतिशील हरितालिका तीज बिभिन्न प्रगतिशील गित र नृत्य प्रस्तुत गरी नेपाली साँस्कृतिक झल्काउने प्रकारका कला प्रदर्शन गर्ने निर्णय गरेको छ।

विसंगतिपूर्ण परम्परा, पितृसत्तात्मक मान्यताहरूलाई तोड्दै, यस पर्वलाई महिलाहरूको अधिकार, स्वास्थ्य, समानता र सामाजिक रूपान्तरणको सन्देश दिने उत्सवका रूपमा मनाइने भएको हो। तीज सित जोडिएका कुरीति र आडम्बरको विरोध, निराहार व्रत बस्नुपर्ने वा शरीरलाई कष्ट दिनुपर्ने अतिवादी नियम लाई तोड्ने,सचेतना र महिला अधिकार, समानता र विभेदविरुद्ध आवाज उठाउने अठोटका साथ अघि बढ्ने संकल्प लिएर महिलाहरूले भोग्दै आएका ऐतिहासिक र परम्परागत विभेदसँग सम्बन्धित महिला अधिकारसँग सामान्यतया सम्बन्धित मुद्दाहरूमाः शारीरिक स्वतन्त्रता वा आफ्नो शरीरमा आफ्नै हक र आत्मनिर्णयको अधिकार, यौन हिंसा बाट स्वतन्त्र हुनु, मतदान गर्ने अधिकार, सार्वजनिक पद धारण गर्ने अधिकार, कानुनी सम्झौतामा प्रवेश गर्ने अधिकार, पारिवारिक कानुनमा समान अधिकार पाउनु, काम गर्ने अधिकार, न्यायसंगत तलब वा समान पारिश्रमिक पाउनु, प्रजनन अधिकार, सम्पत्ति मालिक बन्ने अधिकार, र शिक्षामा पहुँच पाउनु समावेश अधिकार लेखितमा मात्र सिमित छन त्यस कारण त्यो अधिकार प्राप्तिका लागि महिला सशक्तिकरण हुन पर्ने जोड दिएको छ।

# विद्यार्थी संघ चेन्नई दक्षिणको नयाँ समिति चयन




भारत। अखिल भारत नेपाली विद्यार्थी संघ चेन्नई दक्षिण नगर समितिको प्रथम भेला २६ जुलाई २०२६ का दिन चेन्नईको क्षेत्रीय कार्यालय त्रिमंगलम सम्पन्न भएको छ। भेलाले विद्यार्थी संघ चेन्नई दक्षिणको नयाँ समिति चयन चयन गरेको छ। भेलाको अध्यक्षता मनिशा सुवेदीले गर्नु भयो। अतिथिको आशन ग्रहण पछि सहिदहरूको सम्झनामा मौन धारण गर्नु भएको थियो। अतिथि तथा उपस्थित जनमानसलाइ शब्दबाट प्रमिला रिजाल र संगितबाट रक्तिमले स्वागत गर्नु भएको थियो। प्रमुख अतिथि अखिल भारत नेपाली विद्यार्थी संघका केन्द्रीय अध्यक्ष नर बहादुर बि.कले प्रथम भेलाको उद्धाटन गर्नु भयो। भेला सफलताको शुभकामना तथा बधाई दिनेहरूमा विशिष्ट अतिथि अखिल भारत नेपाली एकता समाजका केन्द्रीय सदस्य तथा दक्षिण भारत क्षेत्रीय समितिका अध्यक्ष हेमराज रिजाल, केन्द्रीय सदस्य तथा दक्षिण भारत क्षेत्रीय समितिका सचिव बिक्रम केसी, केन्द्रीय सदस्य तथा चेन्नई पश्चिम नगर समितिका अध्यक्ष राजु अधिकारी, केन्द्रीय सदस्य तथा महिला नगर ईन्चार्ज देवी रिजाल, क्षेत्रीय सदस्य दिल कुमार नेपाली, रक्तिम बाट भिम बिक, रोशन बि क, विद्यार्थी केन्द्रीय सदस्य, दिपा के सी, प्रतिभा वस्याल , एकता समाज चेन्नई पश्चिम नगर सदस्य खोमनाथ न्यौपाने, जीवन थापा, टेक बहादुर रोका रहनु भएको थियो। भेलाले निरन्जन सुवेदीको अध्यक्षतामा १९ सदस्यीय चेन्नई दक्षिण नगर समितिको चयन गरेको छ। जस्मा उपाध्याय प्रवीन रिजाल, सचिव धनादेवी आचार्य, सहसचिव सुमित्रा सुवेदी, कोषाध्यक्ष विक्रम अधिकारी, सदस्यहरू मनिशा सुवेदी, सुष्मा बस्याल, शोभाना थापा, संगिता शर्मा, लेखनाथ नेपाली, मनोज सुवेदी, विमल शर्मा, जीवन उपाध्याय, स्नेहा बस्याल, प्रमिला रिजाल, रोशनी रोका, निर्मल शर्मा र आराती गिरी रहनु भएको छ। कार्यक्रमको सन्चालन धनादेवी आचार्यले गर्नु भयो ।

# बेङ्गलोर दक्षिण नगर समितिको चौथो बैठक सम्पन्न




बेङ्गलोर ।अखिल भारत नेपाली एकता समाज दक्षिण भारत क्षेत्रीय समिति अन्तर्गत बेङ्गलोर दक्षिण नगर समितिको चौथो बैठक२६जुलाई २०२६ का दिन राम दत्त पाण्डेय को अध्यक्षतामा र क्षेत्रीय सदस्य सुर्य बहादुर थापाको विशेष उपस्थिति र हरिराम वि.क को संचालनमा सम्पन्न भएको छ । बैठकले आगामी महिलाहरूको चाड हरितालिका तिजको कार्यक्रमलाई सांगठनिक उद्धोष र सन्देशलाई प्रथामिकताका आधारमा नै अगाडि बढाउने वाचाका साथ जनवादी गीतबाट प्रकट हुने निर्णय गर्नुका साथै बेङ्गलोरमा रहने नेपाली महिला दिदीबहिनीहरू गीत र नृत्यमा मात्र नभै सांगठनिक यात्रामा पनि एक हुदै र संगठित गर्दै तिजी कार्यक्रम सफल पार्ने निर्णय गरेको छ । सोही दिन महिला विभागको बैठक पनि सम्पन्न भएको छ । बैठकले बैठकले महिलाहरूलाई राजनीतिक रूपले विशेष प्रशिक्षित गर्ने निर्णय भएको छ । बैठकमा अखिल भारत नेपाली एकता समाज केन्द्रीय समितिका उपाध्यक्ष किसान बि क , धरमराम बिक , रामसिंह बि.क, गणेश बि. क को पनि उपस्थिति रहेको थियो ।

# सङ्गठन र संघर्षमा चितवन



● नारायण शर्मा विपिन ●

**(नारायण शर्मा 'विपिन'द्वारा लेखन, सङ्कलन र सम्पादन गरिएको हालै प्रकाशित पुस्तक 'रगतले इतिहास लेख्नेहरु'बाट गत हप्ता उहाँको लखेन रहेको सङ्ठन र संघर्षमा चितवन शीर्षककोलेखको पछिल्लो भागको केही अंश प्रकाशित गरेका थियौँ। त्यही लेखको बाँकी अंशको अगाडिको भाग आज प्रकाशित गरेका छौँ। - सम्पादक)**

चितवन, जहाँ सिराईचुलीले घाम झुल्कदाँको रोमाञ्च दिन्छ भने गोलाघाटले घाम अस्ताउँदाको आनन्द। दुवै दृश्य मान्छेलाई उत्तिकै प्रिय लाग्छन्। उदाउनु र अस्ताउनुको पनि आ-आफ्नै सौन्दर्य छन्। वरिपरि पहाडका गारो लगाएर बिचमा थपक्क बसेको चितवन; जति शान्त, सुन्दर र रमणीय छ; त्यति नै सुन्दर यसको सङ्घर्ष र बलिदानको गाथा पनि छ। नारायणी, लोथर, राप्ती, कयर, खगेरी र रेवा (रिउ) खोलाले सिँचाइ गरेको भन्दा कम छैन; चितवनका छोराछोरीले आफ्नो रगत र पसिनाले सिँचाइ गरेको इतिहास पनि। निकुञ्ज, नदी, ताल, सहर, खेत, गाउँ, बस्तीको सौन्दर्यभन्दा कम सुन्दर छैन; बलिदानको इतिहास पनि। चितवनको राजनीतिक सङ्घर्षको इतिहास धेरै गहन छ। चितवनको बस्ती विकासको पनि आफ्नै सङ्घर्षको इतिहास रहेको छ। सांस्कृतिक पृष्ठभूमिमा चितवन नियाल्दा झनै गौरवपूर्ण देखिन्छ। भौगोलिक स्थितिले मात्रै हैन सांस्कृतिक, राजनीतिक र आर्थिक सबै हिसाबले चितवनले आफूलाई केन्द्रमा राख्ने कोसिस गर्दै आइरहेको छ।

वि.सं. २०१२ मा राप्ती उपत्यका विकास योजनासँगै औलो नियन्त्रण, बस्ती विकास, सडक, सिँचाइ, सहकारी, शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रम लागू हुँदै गए। सोही परियोजनाअन्तर्गत बस्ती विकासका काममा सक्रिय थिए - बखानसिंह गुरुङ (वि.सं. १९६५-२०४०)। बखानसिंहका छोरा धर्मध्वज २००७ सालको आन्दोलनमा बन्दीपुरमा सहिद भएका थिए। स्वाभाविकै रूपले नेपाली काङ्ग्रेससँग बखानसिंहको भावनात्मक सम्बन्ध थियो। तिनै बखानसिंहलाई काङ्ग्रेसले सङ्गठन निर्माणमा परिचालन गऱ्यो। नेपाली राष्ट्रिय काङ्ग्रेसका संस्थापक एवम् २००४ सालको विराटनगर जुट मिल हडतालको धर्ना टोलीका एक अगुवा कमलकुमार राई सङ्गठन निर्माणको जिम्मा लिएर चितवन आएका थिए। बखानसिंहको पछि लागेर लमजुङ, तनहुँ, गोर्खातिरका लाहुरे पृष्ठभूमिका जनजातिहरू चितवन झर्दै थिए। बसाई-सराईको यो लर्कोमा जनजाति सँगसँगै अन्य जातिहरू पनि थपिए। राईले राजनीतिक सङ्गठनमा आफूपछि लागेर बखानसिंह गुरुङलाई अघि लगाए। बखानसिंह गुरुङ अध्यक्ष र कमलकुमार राई सचिव रहेको नेपाली काङ्ग्रेस चितवन जिल्ला समिति गठन भयो। २०१३ साल फागुनमा गठित यो सङ्गठन नै चितवन जिल्लाको पहिलो राजनीतिक सङ्गठन मानिन्छ। बखानसिंह गुरुङ २०३७ सालको जनमत सङ्ग्रहका बेला पार्टीमा अन्तरविरोध भएपछि पञ्चायततर्फ लागे र पछि मन्त्रीसमेत भए। चितवनको बस्ती विकाससँगै राजनीतिक सङ्गठनहरूले आकार लिन थाले।

पूर्वी चितवनमा "हरियो वन फाँड्नै पर्छ, जङ्गली जन्तु खेद्नै पर्छ" भन्ने जनसङ्घर्षका नेता किशोरचन्द्र ढुङ्गाना सुरुमा लाल कम्युनिस्ट पार्टीका सदस्य थिए। हेटौँडा निवासी लाल कम्युनिस्ट पार्टीका नेता षडानन्द उपाध्यायले ढुङ्गानालाई पार्टी सदस्यता दिएका थिए। तर ढुङ्गाना पछि काङ्ग्रेस पार्टीमा सङ्गठित भए। काङ्ग्रेसकै तर्फबाट ढुङ्गाना २०१८ सालमा खैरहनी गाउँ पञ्चायतका प्रधानपञ्च र २०१९ सालमा चितवन जिल्ला पञ्चायतका सभापति चुनिए। कम्युनिस्ट पार्टीका गौरीभक्त प्रधान २००८ सालमै चनौलीमा आएर बसेका थिए। आधिकारिक दस्तावेज यही हो भन्न अप्ठ्यारो छ। अध्ययन, अनुसन्धानमा संलग्न कतिपयले पुण्यप्रताप राणा सचिव रहेको चितवन जिल्ला समिति २०१६ साल जेठमा गठन भएको लेखेका छन्, तर चितवनको कम्युनिस्ट आन्दोलनका एक अग्रज व्यक्तित्व यमुनाप्रसाद न्यौपानेका अनुसार चितवनको पहिलो सचिव गौरीभक्त प्रधान नै हुन। पुण्यप्रताप राणाले समेत न्यौपानेसँगको कुराकानीमा स्वीकार गरेको कुरा यमुना न्यौपानेले मसँग भएको विभिन्न संवादमा बताउनुभएको हो। सो समितिमा प्रधानसहित पुण्यप्रताप राणा, जगतबहादुर श्रेष्ठ र गुणबहादुर घले हुनुहुन्थ्यो। ककगौरीभक्त प्रधान पार्टीको केन्द्रीय तहमा रहेका र चीन गएर गुरिल्ला तालिमसमेत लिएका थिए' भनिन्छ तर उनी कुशल सङ्गठक थिएनन्। चितवनको कम्युनिस्ट पार्टीलाई आकार दिने काम भने पुण्यप्रताप राणाले नै गरे। उनी काठमाडौं जिल्लाको कार्यालय सचिवको भूमिका निर्वाह गरिसकेका थिए। गठन भएको छ महिना नबित्दै कात्तिक महिनामा नै जिल्ला समिति पुनर्गठन भयो र पुण्यप्रताप राणा सचिव भए। उक्त समितिमा पुण्यप्रताप राणा, गौरीभक्त प्रधान, जगतबहादुर श्रेष्ठ, मदनमोहन जोशी र गुणबहादुर घले थिए। यिनै व्यक्तिहरूलाई नै चितवनको कम्युनिस्ट पार्टीको संस्थापक सदस्य मानिन्छ।

### सङ्घर्ष र बलिदान


राजनीतिक सङ्गठन निर्माणसँगै राजनीतिक सङ्घर्षहरूमा इतिहासका पानाहरू ओगट्ने गरी चितवनले आफ्नो सहभागिता जनाउँदै आएको छ। राष्ट्रिय राजनितिका कैयौं अध्याय चितवनका छोराछोरीले आफ्नो रगतले लेखेका छन् तर हाम्रो विडम्बना नै भनौँ कि के भनौँ इतिहासमा राज्यसत्ता विरुद्ध भएका सबैखाले सङ्घर्षहरू, जस्तै : तिनमा भएका बलिदानहरू पनि एउटा निश्चित राजनीतिक दलको जस्तै बन्न पुगेका छन्। इतिहासमा भएका सबै न्यायपूर्ण आन्दोलन र सङ्घर्ष, चाहे शान्तिपूर्ण होऊन् वा हिंसात्मक, राज्यसत्ता विरुद्ध भएका सङ्घर्षहरू जनताका सङ्घर्ष र बलिदानको रूपमा बुझ्न जरुरी छ। काङ्ग्रेस नेतृत्वको सङ्घर्ष - काङ्ग्रेसका सहिद, कम्युनिस्ट नेतृत्वको सङ्घर्ष - कम्युनिस्टका सहिद। कम्युनिस्ट पार्टीहरूमा माले-मशाल हुँदै माओवादीका छुट्टाछुट्टै सहिदहरूको सूची लामो छ। सङ्घर्षको नेतृत्व गर्ने राजनीतिक दलहरूसँग विमति हुनसक्दछ। आन्दोलनको उपलब्धिप्रति पनि फरक मत हुन सक्छ तर राज्यसत्ता विरुद्ध सङ्घर्ष गर्नेक्रममा भएका बलिदान र सहादतहरूको सम्मान नगरी राजनीतिक आन्दोलन ठिक निष्कर्षमा पुग्न सक्दैन।

### सशस्त्र संघर्षमा चितवन

संसारभरिको इतिहास मुख्यतः सशस्त्र सङ्घर्षको इतिहास हो। नेपालको इतिहास र भूगोल रगतले नै धर्सो कोरिएको छ। रगतले कोरिएका तर आँखाले नदेखिने तिनै धर्साहरूले चितवनको नक्सा कोरेको कुरा थाहा नपाउनु भनेको आफ्नो पैताला कहाँ टेकिरहेको छु भनेर थाहा नपाउनुजत्तिकै हो। इतिहासका रोमाञ्चकजस्ता लाग्ने घटनाहरू आफ्नो समयका व्यवस्था र शासकहरूको चरम दमन, यातना र षड्यन्त्रका विरुद्ध ज्यानको बाजी राखेर हाम्रा अग्रजहरूले आफ्नो रगतले लेखेको इतिहास हो। नेपाली राजनीतिक इतिहासमा सशस्त्र सङ्घर्षको क्षेत्रमा चितवनले आफ्नो भूमिका रगतले लेखेको छ।

### २००७ सालको आन्दोलन/क्रान्ति र चितवन

नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको राणा शासन विरोधी आन्दोलनताका चितवनमा काङ्ग्रेसको सङ्गठन बनेकै थिएन। तरपनि तत्कालीन चितवन जिल्लाका मुख्य प्रशासनिक केन्द्रहरू, भन्सार नाका ठोरी, हिउँदे सदरमुकाम झुवानी र सदरमुकाम उपरदाङगढी मुक्तिसेनाले कब्जा गरी जनसरकारसमेत गठन गरेको थियो। राणा शासनको अन्त्यसँगै नेपाली काङ्ग्रेस विद्रोही शक्तिबाट सरकारको नेतृत्व गर्ने स्थितिमा पुग्यो। यो घटनाले चितवन जिल्लामा काङ्ग्रेसको राजनीतिक विचारलाई प्रचारित गर्न र सङ्गठनको आधार तयार पार्न मद्दत पुग्यो। राजनीतिक चेतना न्यून रहेको चितवनमा राजनीतिक चेतनाको तरङ्ग प्रवाह हुन




थाल्यो। यद्यपि कृष्ण वाग्ले ककरूपेश' ले आफ्नो पुस्तक सङ्घर्ष र बलिदानमा २००७ सालको आन्दोलनभन्दा धेरैअघि वि.सं. १९३९ मै चितवनका मोटुसिं बस्नेतलाई जेल चलान गर्ने बेलामा हत्या गरिएको इतिहास उल्लेख गरेका छन् तर यसबारे विस्तृत विवरण प्राप्त छैन।

### महेन्द्रको कू र चितवन घटना

राजा महेन्द्रले पुस १, २०१७ मा शासनका सम्पूर्ण अधिकार आफ्नो हातमा लिए। वीपी कोइराला नेतृत्वको दुई तिहाई बहुमत भएको सरकारलाई विघटन गरे। २०१५ सालको संविधान निलम्बन भयो। पुस १२ गतेका दिन सबै राजनीतिक दलहरूलाई अवैध घोषणा गरे। पञ्चायतले सबै जिल्ला कब्जामा लियो। महेन्द्रले कू गरेको एक वर्षपछि काङ्ग्रेसले चितवन कब्जा गऱ्यो। विभिन्न समूह बनाएर उनीहरूले छापामार सैन्य कारबाही गरे। २०१८ साल माघ २८ का दिन बिहानै उनीहरूले भरतपुर प्रहरी थानामा आक्रमण गरे। भरतपुरभन्दा बाहिरबाट आउनसक्ने थप सुरक्षा बललाई विभिन्न ठाउँमा अवरोध खडा गरे। चितवनको जहाज ग्राउण्ड पनि विद्रोहीहरूको कब्जामा परिसकेको थियो। काठमाडौँबाट सिमरा विमानस्थलमा सेना उतारियो। पाल्पा/तानसेन, गोर्खा, हेटौँडा सबैतिरबाट सेनाले चितवनलाई घेराबन्दी गर्दै आउन थालेको कुरा क्रान्तिकारीहरूले पत्तै पाएनन्। राप्तीदून कार्यालयको गेष्ट हाउसमा (पाहुना घर) रहेका कार्यकर्ताहरूलाई सेनाले रातको समयमा नियन्त्रणमा लियो। यस सन्दर्भमा डा. कृष्णप्रसाद पौडेलले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् - "राजाका सैनिक भरतपुर एयरपोर्ट जोतिएको हुँदा सिमरा एयरपोर्टमा झरी गाडीबाट चितवनतर्फ आउँदै थिए। बेल्सीलगायत केही पुलहरू भत्काइएको थियो तर गोली-गट्ठासहित राजा महेन्द्रका सैनिक भरतपुर आइपुगे। सिधै अन्धाधुन्ध गोली हानियो। बर्बर हत्याको शृङ्खला सुरु भयो। करिब ७० जनालाई गेस्ट हाउसमा हुलियो। त्यतै गोली ठोकेर मारियो र लास कतै लगेर फालियो। ६५ जोर जुत्ता-चप्पल नजिकै रहेको भरतपुर अस्पतालमा गाडियो। यीमध्ये धेरैलाई टिकौली जङ्गलमा लगेर मारेर गाडियो। एक जना शाह थरका रहेछन् र भरतपुर फिर्ता ल्याइयो। माथिको आदेशअनुसार आत्मसमर्पण गर्न भनियो - मानेनन्। त्यसपछि वीभत्स रूपले मारेर भरतपुर अस्पतालको वनक्षेत्रतिर ल्याएर गाडिएछ।

आत्मसमर्पणको साटो त्यसरी मृत्यु रोज्ने बहादुरको नाम ककजगतप्रकाशजङ्ग शाह' थियो। शाही बर्बरताको नमुना वर्णन गर्दै कृष्ण अधिकारीले आफ्नो पुस्तक पूर्वी चितवनको राजनीति र विकासका अग्रणीमा लेखेका छन् - "सुरुमा उनलाई माफी माग्न लगाइयो तर उनले माफी नमागेपछि राजा महेन्द्रको अनुमति र गृहमन्त्री विश्वबन्धु थापाको निर्देशनमा उनलाई पनि पछि मारियो। जगतप्रकाशलाई सेनाले ठूलो खाल्डोमा हुत्याइदिएका थिए। उनको दुवै हात काटेर वीभत्स ढङ्गले हत्या गरिएको थियो।" शाहलाई हत्या गरेर गाडिएको ठाउँमा अहिले भरतपुर अस्पताल छ।

### २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह

राजनीतिक दलहरूमाथिको प्रतिबन्ध कायमै थियो। पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई फाँसिको सजाय विरुद्ध २०३५ साल चैतमा विद्यार्थी सङ्गठनहरूले आन्दोलन सुरु गरेका थिए। सुरुमा यो आन्दोलन शैक्षिक मागहरू राखेर सुरु गरिएको थियो। २०३५ साल चैत २४ का दिन कम्युनिस्ट पार्टी निकट विद्यार्थी सङ्गठनहरूले नेपाल बन्दको आह्वान गरेका थिए। आन्दोलनमा प्रहरी दमन बढ्न थालेसँगै प्रतिरोधको स्तर पनि बढन थाल्यो। राजनीतिक दलहरूसमेत आन्दोलनमा सहभागी भएपछि पञ्चायती व्यवस्था विरुद्ध आन्दोलन बढ्न थाल्यो। २०३६ साल वैशाख २० गते भरतपुर चौबिसकोठीमा आन्दोलनमा दबाउने नाममा प्रहरीले चलाएको गोली लागेर छविलाल घिमिरे र होमबहादुर भण्डारी दुई जना सहिद भए। आन्दोलनले राजा वीरेन्द्रलाई प्रतिबन्धित काङ्ग्रेस र कम्युनिस्ट पार्टीसँग सम्झौता गर्न बाध्य पारेको थियो। तर वीपी कोइरालाले पञ्चायत या बहुदल भन्ने विषयमा जनमत सङ्ग्रह गराउने राजाको षड्यन्त्रमा सहमति प्रकट गरे। २०३७ सालमा जनमत सङ्ग्रहको नौटङ्की मञ्चन गरियो। जनमत सङ्ग्रहमा चितवनले पञ्चायत विरुद्ध आफ्नो अभिमत दर्ज गऱ्यो। तर जनताको सङ्घर्ष विरुद्ध नियोजित जनमत सङ्ग्रह जनताको पक्षमा हुन सकेन। पञ्चायती व्यवस्थालाई अनुमोदन गर्ने माध्यम बन्यो जनमत सङ्ग्रह।

### २०४६ सालको जनआन्दोलन (पहिलो जनआन्दोलन)

२०४६ सालको ऐतिहासिक जनआन्दोलन पञ्चायती व्यवस्थाको अन्त्य साझा माग हुँदाहुँदै पनि राजतन्त्रका बारेमा फरक मत थिए। संयुक्त राष्ट्रिय जनआन्दोलन (संराजआ) ले पञ्चायती व्यवस्था सँगसँगै राजतन्त्रको पनि अन्त्य गर्ने र देशमा गणतन्त्र स्थापना गर्ने उद्देश्य राखेको थियो। अर्कोतर्फ वाममोर्चा र काँग्रेस (वाम-काङ) मोर्चाले पञ्चायतको अन्त्य गरी बहुदलीय संसदीय व्यवस्था मात्र स्थापना गर्ने र राजतन्त्रलाई संवैधानिक रूपमा स्वीकार गर्ने उद्देश्य राखेको थियो। त्यसैकारण दुईवटा छुट्टाछुट्टै मोर्चा निर्माण भएका थिए। संराजआमा तत्कालीन नेकपा (मशाल), (मसाल), नेकपा (मालेमा), कम्युनिस्ट लिग, सर्वहारावादी श्रमिक सङ्गठन र केही स्वतन्त्र वाम व्यक्तित्व सम्मिलित घटकहरू थिए। काङ्ग्रेससँग सहकार्य गरिरहेको वाममोर्चाको नेतृत्व सहाना प्रधानले गरेकी थिइन्। वाम मोर्चामा नेकपा (मार्क्सवादी), नेकपा (माले, नेमकिपा, नेकपा (चौम) लगायतका घटकहरू थिए। निर्मल लामाले नेतृत्व गरेको नेकपा (चौम) पनि पहिला त संराज आमै जोडिने कुरा थियो तर पञ्चायती व्यवस्थासँगै राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गर्ने विषयमा असहमति प्रकट गरेर उनी वाममोर्चामा सामेल भए।

वाम-काङ मोर्चाको समग्र नेतृत्व काङ्ग्रेस नेता गणेशमान सिंहले गरेका थिए। "आन्दोलनको पहिलो दिन नै हजारौँको सङ्ख्यामा जनताहरू सहभागी भए। पहिलो दिनमै प्रशासनले दमनको नीति लियो। जनताको उत्साहपूर्ण सहभागिताबाट अतालिएको सरकार हत्या र गिरफ्तारीमा उत्रियो। पहिलो दिनमै चितवनले आफ्ना चार सन्तान गुमायो। सयौँको सङ्ख्यामा अमानवीय यातनासहित जेल र हिंरासतमा बन्दी बनाइयो। २०४६ सालको जनअआन्दोलनको पहिलो दिन फागुन ७ गते सबैभन्दा सशक्त रूपमा आन्दोलनकारी पचास हजारभन्दा बढी एकैचोटि नारायणगढको सङ्गमचोक (हालको सहिदचोक)मा चारैपट्टिबाट जनभीडले पूरै कब्जा जमाएको थियो। यसैक्रममा पञ्चायती शासकका प्रहरीहरूले एघार राउन्ड गोली चलाए। गणेश पौडेल, राजेश बानियाँ, बलराम कँडेल, नारायणप्रसाद दाहाल चितवनबाट सहिद बन्नुभएको थियो।" - (नरबहादुर खाँड, रामहरि श्रेष्ठकृत भुल्न नसकिएको अतीतमाथि व्यक्त विचार।) २०३५ चैत २४ गते भएको नेपाल बन्दको कार्यक्रम उत्कर्षको कडीलाई जोड्दै संराजआले २०४६ साल चैत २४ गते नेपाल बन्दको आह्वान गऱ्यो। जनप्रदर्शनसहित नेपाल बन्दको कार्यक्रमको बिहानै राजा वीरेन्द्रले मरिचमान श्रेष्ठ नेतृत्वको सरकार विघटन गरेर लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरे। कर्फ्यु आदेश जारी गरेर सेना परिचालन गरियो। यसले जनताको प्रतिरोध सङ्घर्षलाई झनै ऊर्जा थप्यो र कर्फ्यु तोडेर जनता सडकमा निस्किए। काठमाडौँमै छ जनालाई सेनाले गोली प्रहार गरी हत्या गऱ्यो। त्यसपछि झन् आन्दोलन बढ्न थाल्यो। जनता पञ्चायत मात्रै हैन, राजतन्त्र नै फाल्न चाहन्छन् भन्ने कुरा दरबारमार्गमा महेन्द्रको शालिक तोडफोड गर्ने घटनाले प्रष्ट सङ्केत गरेको थियो। २५ र २६ गते आन्दोलन झन् चर्कियो। यसबाट राजा त तर्सिए नै वाम-काङ्ग गठबन्धन पनि अत्तालियो। जनताको मनोविज्ञान गणतन्त्रतर्फ बढ्दै थियो। यसले उनीहरूप्रति जनताको अविश्वास बढ्ने र पहलकदमी फुत्किने डर पैदा भयो। गणतन्त्रवादी संराजआ भने उत्साहित थियो।

चैत २६ गते राति राजाले दरबारमा वाम-काङ्ग मोर्चालाई बोलाएर वार्ता गरे। संराजआ भने सो वार्तामा सहभागी भएन। त्यो वार्तामा पञ्चायतको अन्त्य गर्ने, बहुदलीय व्यवस्थाको पुनर्वहाली गर्ने, राजालाई संवैधानिक रूपमा राख्ने र जनआन्दोलन बन्द गर्नेजस्ता सहमति गरियो। संराजआले त्यो सम्झौतालाई ककधोका हो' भन्दै विरोध गऱ्यो भने वाम-काङ्ग मोर्चाले २७ गते विजय जुलुस निकाले। त्यहीँदेखि गणतन्त्रवादीहरूले आन्दोलन उत्कर्षको दिनको हिसाबले चैत २४ गते ककजनआन्दोलन दिवस' मनाउँदै आएका छन् भने वाम-काङ्ग मोर्चाले चैत २६ गते मनाउँदै आएका छन्।

# सपनाको संसार



● डि.आर. पोखरेल ●

वि.सं. २०४० को दशकमा औधी नै सपना देख्ने गर्थे । त्यतिखेर देखिएका सपनाहरूको डायरी नै बनाएको थिएँ । नराम्रो सपना नदेखियोस् भन्ने लाग्थ्यो । दाँत झरेको भैसीले खेदेको, हिलोमा परेको, आकाशखसेको आदि सपना देखेको विहान मन ढुकढुक भइरहन्थ्यो । दिसापिसाब गर्दा यस्ता सपना जाओस् भन्ने कामना गर्नुपर्छ भन्ने गर्नुहुन्थ्यो अग्रजहरूले । त्यसै गरिन्थ्यो । खासमा सानामा हजुरआमाले भन्ने गर्नुहुन्थ्यो-सपनामा दाँत फुक्लिएको सपना निकै नराम्रो सपना हो । माथिल्लो पट्टीको दाँत फुक्लिए आफूभन्दा जेठो वा पाको उमेरका आफन्तको मृत्यु हुन्छ । हजुरआमाको यो भनाई सोह्रै आना सत्य जस्तो लाग्थ्यो र डरले सधै मन कामिरहेको हुन्थ्यो । यो भनाई मेरी हजुरआमाको मात्र नभएर गाउँका प्रायः सबै प्रौढ मानिसहरूको भनाई थियो । यो सुनेपछि हामी केटाकेटी त्यतिखेर झन डराउँथ्यौ जतिखेर कोही बिमारी हुने गर्थे ।घरका मूल मानिसहरूमध्ये कोहीको मृत्यु भयो भने के गर्ने । कसरी घरमा बस्ने । मरेको घरमा सबै मानिस रुँदा आफूलाई आँसु आएन भने के गर्ने भन्ने पिरलो मनमा लागिरहन्थ्यो ।

गाउँमा सपनाको फल बताउनेहरू छ्यास्छ्यास्ती नै थिए । तर खराब सपना भन्नु हुँदैन भनेर कसैको मृत्यु भयो भने अलच्छिना हुइन्छ भन्ने डरले आफ्नो दौंतेरी बाहेक अरुलाई सपना बताउन हुँदैनथ्यो । गाउँमा बुढापाका प्रत्येकलाई थाहा थियो सपनामा दाँत फुक्लिएको, तेल घसेको, भैंसी चढेको, भात खाएको, रौं/कपाल देखिएको, हिलोमा गाडिएको, फुलमाला अबिर लगाएको, दक्षिण दिसाको यात्रा गरिएको, आकाश खसेको सपना एकदमै खराब सपना हो भन्ने गरिन्थ्यो । यस्ता कुराहरू सुनेपछि एकातिर मन भयभीत हुन्थ्यो भने अर्कोतिर यी ठूला मानिसहरूलाई यस्तो ज्ञान कसरी भयो होला भन्ने पनि लाग्थ्यो ।

घर गाउँका ठूला मानिसहरूलाई यस्ता खराब सपनाबारे मात्र थाहा हुने गरेको नभई राम्रा एवं सुखद सपनाहरू बारे पनि राम्रै जानकारी भएको सुन्न पाइन्थ्यो । यस्ता राम्रा वा असल सपनाहरूमा ठूलो नदी देखिनु, समुद्र तर्नु, आकाशमा उड्नु, घरमा आगो लागेको देखिनु, मासु, मदिरा, किरा खाएको देखिनु, सेतो छाता देखिनु, हात्तीको सुँडले पक्रिएर पिठ्यूँमा राखेको देखिनु, सेतो कपडा लाएकी बालिकाले पुस्तक दिएको देखिनु आदि सपनालाई शुभ फलदायी राम्रो सपना भएको बताइन्थ्यो । यस्ता कुराहरू सुन्न मजा लाग्थ्यो । आफूले पनि शुभ वा राम्रा सपना देख्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो । हात्तीमा चढेको सपना देखे राजा हुइन्छ भन्ने गरिन्थ्यो। यस्ता राम्रा र शुभ सपना देखेर आफू ठूलो मान्छे बन्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो ।

पछि थाहा हुँदै गयो हाम्री हजुरआमा र गाउँका ठूला मानिसहरूको सपना ज्ञानको त निश्चित स्रोत रहेछ । यी स्रोतमध्ये प्रायः को मुख्य स्रोत भनेको वि.सं.१९५९ तिर शिखरनाथ सुवेदीले लेखेको 'शिखरनाथ भाष्यभित्रको' स्वप्न फल पो रहेछ । तिनमा धैरै शुभ अशुभ सपनाहरूको फलादेशको चर्चा गरिएकोरहेछ । हुन त शिखरनाथ भन्दा अघि पनि सपनाको फलादेशको परम्परा थियो होला । कुनै स्रोत थियो होला । तर शिखरनाथले भने यसलाई व्यापक बनाएका रहेछन् । यिनकै आधारमा हाम्रा अग्रजहरू बुज्रुक पल्टिएका रहेछन् ।

यति कुरा थाहा भएपछि पनि मनका जिज्ञासाहरू भने मेटिएनन् । सपना के हो ? किन देखिन्छ ? देख्ने कुन मन हो ? अशुभ र शुभ भनेर छुट्याइएका सपनाहरूके कुरो कति साँचो ? यिनै प्रश्नहरूले मन उथलपुथल पारिराख्यो । गाउँका जान्ने बुझ्ने, पुरोहित पण्डित, ज्योतिष आचार्य सबैसँग बुझ्दै हिंडथे । तर म तुष्ट हुन सकेन । सपना मेरो लागि झनझन रहस्यमय बन्न थाल्यो ।

चालिसकै दशकमा सबै काम छोडेर म रसियन लाइब्रेरी काठमाडौं धाउन थाले । मनोविज्ञानका पुस्तकहरू सिग्मण्ड फ्रायडको सपना विश्लेषण, जुम अल्टरको मन विश्लेषण, असाधारण मनोविज्ञानका अनेक पुस्तकहरू ओशोका धारणाहरू, शिखरनाथ सुवेदीका शिखरनाथ भाष्य आदि खोजी खोजी पढ्न थाले । पढ्दै जाँदा पूर्व र पश्चिमका सपना सम्बन्धीका धारणहरू एकदम फरकफरक पाएँ । जस्तो भनौं न पूर्वको दाँत फुक्लिएको सपनाको फल अशुभ फल हुन्थ्यो भने पश्चिमका मनोविश्लेषकहरूले सपनामा दाँत फुक्लिएको देख्नुको सम्बन्ध वीर्य स्खलन वा स्वप्नदोषसँग भएको बताएका रहेछन् । सपनामा संकेत मात्र हुँदो रहेछ । विपनाका रहेको अभावको परिपूरक रहेछ सपना भनेको । नेत्रहीनले सपनामा अनेक दृश्यहरू देख्नु, बहिराहरूले अनेक ध्वनी सुन्नु, यौनतुष्ठि नभएकाहरूले सम्भोगको सपना देख्नु आदि कुराहरू विपनाका अभावका परिपूरक रहेछन् ।

पूर्वका हामीहरू उड्नुलाई 'आयु बढेको' भन्ने अर्थ लगाउने गर्छौं । पश्चिमका मनोचिकित्सकहरू यौन उर्जाको बढोत्तोरी वा यौन अंगको फुलाई वा संकुचन भन्ने गर्छन् ।अनि नुहाएको देख्नु, साइकल चढेको देख्नु, साबुनले हात धोएको देख्नु आदि कुराहरूलाई महिलाहरूको मासिक धर्मको विश्राम हो भन्ने गर्छन् र झर्ना, पहाड, साँप, लठ्ठी, रुख, औंलाहरू, नाक, चरा, सिपाही साथी आदिको सपना देख्नुलाई यौन संकेत मान्ने गर्छन् पश्चिमाहरू ।

अब पूर्वले सपनामा आगो देख्नुलाई राम्रै मान्दछ । पश्चिमलेपनि राम्रै मान्दछ । अर्थात् प्रेमको संकेत मान्दछ । यसरी पूर्व पश्चिम दुवैले सपनालाई आ आफ्नो ढंगले अर्थ्याएका छन् । आआफ्ना भाष्य खडा गरेका छन् । सपनाको यस रहस्यमय संसारमा प्रवेश गर्न जोहोहीलाई मुश्किललै छ। यदि प्रवेश गर्ने नै हो र सपनाको रहस्यलाई वस्तुनिष्ठ भएर बुझ्ने हो भने मनोविश्लेषणको सहारा लिनुपर्ने हुन्छ । कम भन्दा कम सिग्मण्ड फ्रायडको 'सपना विश्लेषण' चाहिं पढ्नै पर्ने हुन्छ । यसो नगर्ने हो भने हामी हजुरआमाहरूले खडा गरेको भाष्यबाट सधै भयभीत भइरहनुपर्ने हुन्छ । कतिपय कुराहरू सपनामा देखे अनुसार भए जस्तो पनि लाग्दछ । जस्तै मैले नै २०४२ साल असार ९ गतेको राती आकाशबाट सूर्य खसेको सपना देखे र भोलिपल्ट १० गते बिहान बम काण्डमा पक्राउ खाएको थिएँ । यस्तै गरी २०५४ सालको माघ ८ गते हो क्यारे परालमा केरा पोको पारेको देखे । भोलिपल्ट ओखलढुंगा, रुम्जाटारबाट बाबाको मृत्यु भएको खबर आयो । यस्तो संयोग पनि हुने गरेको छ । कुनैकुनै कुरा मिल्दो भएकोले सपनाबारे अनेक रहस्यमय कुराहरूको जन्म हुन पुगेको जस्तो लाग्दछ ।

सपनाबारे आज वैज्ञानिक खोज हुन पनि थालेको छ । मनोविश्लेषकहरूले मनका तहहरूको विश्लेषण गर्दै सपनाका पनि तीनवटा तहहरूको चर्चा गर्ने गरेका छन् । पहिलो सपना, सुषुप्त मस्तिष्कको स्वेच्छिक गतिविधि हो । यो स्वछन्द र भ्रमात्मक हुन्छ भनिएको पाइन्छ । दोस्रो भनेको कल्पनाको तह हो । यसमा कल्पित तरंगहरू पैदा भएर सपनामा प्रस्तुत भएका हुन्छन् भनिएको पाइन्छ । तेस्रो भनेको सांकेतिक तह हो ।सपनामा अनेक संकेतहरू मिल्छ भनिन्छ । ठूला वैज्ञानिकहरूले आफ्नो अनुसन्धानका नयाँ गुथ्थीहरू सपनामै फेला पारेका थिए भनिन्छ । सपनामा चेतन मन सुतेको हुन्छ र अवचेतन मनको गतिविधि शुरु हुन्छ भनिन्छ । अवचेतन मन सुक्ष्म र शक्तिशाली हुन्छ भनिन्छ ।

यसरी वैज्ञानिकहरूका लागि सपना अवचेतन मनमा प्रवेश गर्ने द्वार हो भने सर्वसाधारण जनताका लागि भने यो अझै रहस्यकै विषय बनेको छ । रहस्यको विषय भएकोले यसले मानिसलाई भयभित पनि तुल्याएको छ । यसबारे पूर्वीय भाष्य डरलाग्दो छ । मेरो आफ्नो अनुभव चाहिं के छ भने निद्रा राम्ररी लागेको छ, कुनै रोग लागेको छैन, स्वस्थ शरीर र स्वस्थ मन छ भने यस अवस्थामा देखिने सपना सांकेतिक हुन सक्छ । यो अर्थपूर्ण हुन सक्छ । तर शरीर अस्वस्थ छ भने निद्रा ठीकसँग लागेको छैन भने, मन तनावमा छ भने यस अवस्थामा देखिएको सपना भ्रमात्मक हुन सक्छ । यो सांकेतिक हुन सक्दैन । त्यसकारण गहिरो निद्रामा मात्र गहिरो सपना, अर्थपूर्ण सपना देख्न सकिन्छ ।

सपनाबारेको परम्परागत धारणा डर देखाउने खालको छ । यो सत्यमा भन्दा पनि रहस्यमा उभिएको देखिन्छ । त्यसकारण सपनाको परम्परागत धारणाबाट सर्वथा मुक्त हुन जरुरी छ । शरीरलाई स्वस्थ्य राख्न नियमित व्यायाम र समुचित खानपिनको जरुरी हुन्छ । योग र ध्यानको जरुरी छ । मनोविश्लेषहरूको सपना विश्लेषण पढ्न पनि जरुरी छ र आफ्ना सपनाहरूबारे नियमित डायरी लेख्न गरिनु जरुरी छ । यति गर्नासाथ धैरै कुरा समाधान भएर आउँछन् । सपनाबारे परम्परागत कुरा मात्र सुन्नुभन्दा पनि आफैले आफ्ना अनुभवहरूलाई विश्लेषण गर्नु पनि जरुरी हुन्छ ।

अन्त्यमा के भन्न सकिन्छ भने सपना रहस्यको विषय होइन । यसबाट मनको गहिरो तहसम्म पुग्न सकिन्छ । सपनाको विश्लेषणबाट मनको डर हट्न सक्छ । सपनालाई अर्थपूर्ण बनाउन नियमित व्यायाम र सन्तुलित भोजनको जरुरत छ । र अझै सपनाबारे गहिरोमा बुझ्नका लागि यस सम्बन्धीको हाम्रो छिपछिपे ज्ञानलाई बढाउनु जरुरी छ ।

*(लेखक डि.आर. पोखरेलको यो निबन्ध "लोक भावना, वैचारिक तथा साहित्यिक त्रैमासिक, वर्ष १९, अंक ४, पूर्णाङ्ग ७३, २०८२ चैत्रदेखि २०८३ जेष्ठ " बाट लिइएको हो ।)*

❑ यो साता कविता

## दुई कविता



❑ जगदीश चन्द्र

*सत्ताखोर*
*तिनीहरू*
*सत्ताखोर हुन्*
*हरामखोर हुन्*
*जसलाई*
*नशेबाज भन्न सकिन्छ*
*अर्को वाक्यांशमा*
*नशाखोर अहङ्कारी*
*दम्भी अविवेकी हुन्छन् ।*

*कहाँ के को*
*कसरी किन*
*कस्तो कुन*
*प्रश्नको जबाफ*
*तिनीहरूबाट आउँदैन*
*उज्यालो अँध्यारो*
*दिन रात*
*भूत भविष्य*
*केही थाहा हुँदैन*
*नशाखोरहरूलाई*
*सत्ताखोर*
*र*
*नशाखोर*
*उस्तै उस्तै*
*स्वभाव र चरित्रका*
*देखिन्छन् भेटिन्छन् ।*

*खरानी*
*खरानी*
*खरानीसँगै हाँस्छ ।*

*उसलाई*
*अर्थहीन उडाइमा*
*आनन्द छ*
*यहाँको होस्*
*उताको होस्*
*उसलाई*
*कुनै मतलब छैन*
*रहोस्*
*दुनियाँ*
*नरहोस् दुनियाँ*
*उसलाई*
*केही फरक पर्नेवाला छैन ।*

*बेहोसीमै*
*मातमै*
*खरानी*
*उडिरहेछ*
*देश जलिरहेछ*
*यता शासक*
*मुर्दा झैं*
*मौन पल्टिरहेछ*
*शवबाकसमा*
*शव निदाइरहेछ*
*मदहोस बेहोस*
*सज्ञानहीन*
*कस्तो हो*
*किन*
*कसैले बुझाइ देओस्*
*अचेत पल्टिरहेछ*
*यी मृत सुँगुरहरू*
*कसको खान्कीका निम्ति*
*दिनदिनै*
*कसले मारिरहेछ*
*कसका लागि मरिरहेछ ।*

## कप्तानगञ्ज !



❑ मोदनाथ मरहट्टा

*ओ प्रिय मधेश*
*उस्तै भाषा उस्तै थात*
*उस्तै भेष उस्तै जात*
*हेपिएको चेपिएको बदलामा*
*शान्ति अमनचैन र स्थिरताको*
*उधारो भाङ खाएर*
*निलो सतरन्जामाथि रमाउँदै*
*निलो बर्को ओडेका*
*नयाँ जोगीहरूको*
*जान पहिचान बिना स्वागत गर्‍यौ*
*उधारो मुक्तिको आशामा*
*नाच्यौ गायौ उफ्रियौ*
*युगयुगदेखि थिचिएर कुच्चिएको माथमा*
*मल्हम लाग्छ कि भनेर*
*इतिहासमा दबाइएका स्वरहरू*
*जागा होलान सम्झिएर*
*चुपचाप ल्याप्चे लगाएको पुरस्कार*
*के देखिएन र खुल्ला आँखाले*
*कप्तानगञ्जको आगोमा थपिएको बारुद ।*

*कप्तानगञ्ज !*
*हेरिरहेका छौ निलो आकाशमा*
*कावा खाँदै सयल गरिरहेको*
*बारुदको उपहार*
*देखिरहेका छौ दाह्रा लुकेको निलो गिद्ध*
*यता सिंहदरबार र बालुवाटारमा पाकिरहेछ*
*धर्मको बाजी थापेको जुवाखालको च्याँखे*
*अझै बुझेका छैनौ मधेश*
*ओ धनुषा*
*ओ सुनसरी*
*ओ पर्सा, सिराहा सप्तरी*
*उस्तै घाउ उस्तै व्यथा*
*उस्तै दर्द उस्तै कथा*
*आगो निभाउने निहुँमा*
*सात सागरपारिको दमकल बोलाउने बाहना*
*खेलिरहेको धोकेबाजको पहिचान गर ।*

## पाँच बुँदे...

ज्यादति र सरकारको गैरजिम्मेवारीको कारण लाखौं पीडितहरू भोकभोकै सडकमा अनवरत उत्रनु परेको भन्दै आक्रोश व्यक्त गरे ।

सचिवालय सदस्य जोगेन्द्र यादवले लघुवित्त संस्थाहरूले मधेशमा सबैभन्दा बढी सताइरहेको बताउँदै उनिहरूलाई भावी दिनमा गाउँगाउँबाट लखेट्ने चेतावनी दिए ।

लघुवित्तीय तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन नेपालको नेतृत्व र समन्वयमा जारी राजधानी न्याय मार्चको छैठौ दिनमा सरकारले लघुवित्त तथा वित्तीय शोषण पीडितहरूसँग वार्ता गर्न वार्ता टोली गठन गरेको थियो । बिहीबार मन्त्रिस्तरीय निर्णय गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेले अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यको संयोजकत्वमा वार्ता समिति गठन गरेका थिए ।

वार्ता समितिको सदस्य सचिवमा अर्थ मन्त्रालयका उपसचिव बोलराज आचार्य छन् भने सदस्यहरूमा कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई, गृह मन्त्रालयका सहसचिव सुरेश पन्थी र नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल रहेका थिए ।

यता आन्दोलनरत पीडितहरूको तर्फबाट पनि औपचारिक रूपमा वार्ता टोली गठन गरिएको थियो । लघुवित्तीय तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन नेपालको तर्फबाट आन्दोलनका केन्द्रीय अध्यक्ष रमेश सेन्चुरीको संयोजकत्वमा इन्चार्ज सुरेश घिमिरे, उपाध्यक्ष विमला गजमेर, महासचिव दामोदर ढकाल, सचिवालय सदस्य जोगेन्द्र यादव, पुनम महतो र संयुक्त जनअधिकार मोर्चा नेपालको तर्फबाट रोहवरमा निर्घ नविन जैसी समेत रहेको वार्ता टोली गठन गरेको थियो । तर वित्तीय आन्दोलनको अगुवाको नाममा पटक पटक पीडितहरूको पक्षमा भन्दा पनि पीडकहरूकै हितनुकूलको सम्झौता गर्दै आएका मनिराम ज्ञवालीसँग सरकारले वार्ता र पाँच बुँदे सम्झौता गर्‍यो । त्यो सम्झौताबाट पीडितहरू खुशी छैनन् । यो पाँच बुँदे सम्झौतालाई उनीहरूले धोका हो भन्दै गाउँ गाउँबाट लघुवित्त संस्थाहरू पूर्णरूपमा खारेज गरिनुपर्ने मागमा अडान राख्दै आएका छन् ।

***माग सुनवाइ नभएसम्म आन्दोलन जारी***

यतिखेर ६० जिल्लाको प्रतिनिधित्व हुने गरी देशैभरिका लुघुवित्त तथा वित्तीय शोषण पीडितहरू आन्दोलनमार्फत् निर्णायक दबाब दिन राजधानीमा आएका छन् र विगत ८ दिनदेखि निरन्तर रूपमा राजधानी मार्च, विरोधसभा, बालुवाटार घेराउ, राष्ट्रबैंक घेराउ लगायतका कार्यक्रममार्फत् निरन्तर रूपमा दबाब दिइरहेका छन् । आन्दोलनका लागि सातु सामल बोकेर आएका उनीहरू यसपटक न्याय नपाएसम्म आन्दोलन जारी राख्ने मानसिकतासहित आएका छन् । राज्यले वार्ता टोली बनाए पनि माग सुनुवाइ हुनेमा पीडितहरू विश्वस्त हुन सकिरहेका छैनन् । त्यसैले आन्दोलन र वार्ता दुवैलाई एकसाथ अगाडि बढाएका छन् ।

***बर्खे झरीमा भिज्दै आन्दोलन, पटक पटक प्रहरी अवरोध, खान र बस्नै समस्या***

साउन १० गते राजधानी आइपुगेका पीडतहरूले बल्खुदेखि शान्तिबाटिकासम्म राजधानी न्याय मार्च गरे । केन्द्रीय इन्चार्ज सुरेश घिमिरेको नेतृत्वमा रहेको मार्चलाई शान्तिबाटिका पुगेपछि इन्चार्ज सुरशे घिमिरे, केन्द्रीय अध्यक्ष रमेश सेन्चुरीले सम्बोधन गरे । उक्त कार्यक्रमको सञ्चालन महासचिव दामोदर ढकाल गरेका थिए । पीडितहरूले पनि आ-आफ्ना पीडा र भोगाइ राखे । साँझ परेपछि पीडितहरू शान्तिबाटिकामा बस्न चाहन्थे तर प्रहरीले त्यहाँ बस्न दिएन र पशुपति धर्मशालातर्फ पठाइदियो । शान्तिबाटिकाबाट पनि पैदल गौशलाको धर्मशाला पुगेका पीडितहरू सबै त्यहाँ बस्ने स्थिति भएन । आधा पीडितहरू भित्र र आधा बाहिर सडकमा रहने स्थिति भएपछि पीडितहरूले त्यहाँबाट नाराजुलुस गर्दै पुनः शान्तिबाटिकातर्फ नै फर्किए । उनीहरूलाई प्रहरीले दुई घण्टासम्म मैतीदेवी पुल नजिकको बास भ्याङमा रोक्यो र पानीबाट निथ्रक्क भिजेका उनीहरू प्रहरी अवरोध छिचोल्दै थापाथली राममन्दिरमा पुगे । त्यहाँ मन्दिरको ताला तोडेर त्यही रात काटे ।

त्यसको भोलिपल्ट साउन ११ गते उनीहरूले थापाथली चोकबाट शान्तिबाटिकासम्म राजधानी न्याय मार्च गरे । धर्मशालाका रहेका पीडतहरू पनि शान्तिबाटिमा मार्च पास गर्दै मिसिए ।

उनीहरूले साउन १२ गते थापाथली चोकबाट बालुवाटारसम्म राजधानी न्याय मार्च गरियो । तर बालुवाटार प्रधानमन्त्री कार्यालय नपुग्दै भाटभटेनी अगाडि ब्यारिकेट खडा गरेर प्रहरीले अवरोध गरेपछि आन्दोलनकारीहरूले ब्यारिकेड तोडेर अगाडि बढ्ने प्रयास गरेका थिए । ठूलो संख्यामा प्रहरी प्रिचालन गरेर रोक्ने प्रयास भएपछि सडकमै विरोध प्रदर्शन गरिएको थियो । उक्त विरोध प्रदर्शनलाई महासचिव दामोदर ढकालले सञ्चालन गर्नुभयो भने कार्यक्रमलाई सम्बोधन केन्द्रीय इन्चार्ज सुरेश घिमिरे, केन्द्रीय अध्यक्ष रमेश सेन्चुरी र केन्द्रीय उपाध्यक्ष विमला गजमेर, केन्द्रीय सचिव हुकुम खड्का लगायतले सम्बोधन गर्नुभएको थियो ।

साउन १३ गते थापाथलीदेखि शान्तिबाटिकासम्म राजधानी न्याय मार्च गरियो । शान्तिबाटिकामा आयोजित विरेधसभालाई इन्चार्ज र अध्यक्षले सम्बोधन गर्नुभएको थियो ।

साउन १४ गते थापाथली चोकदेखि सुन्धारासम्म न्यायमार्च पुग्दै गर्दा सरकारले अनौपचारिक वार्ताको आव्हान गर्‍यो । त्यस लगत्तै पदाधिकारीको बैठक बसी अनौपचारिक वार्तामा केन्द्रीय इन्चार्ज सुरेश घिमिरे, उपाध्यक्ष विमला गजमेर, सचिव हुकुम खड्का र केन्द्रीय सचिवालय सदस्य जोगेन्द्र यादवलाई वार्तामा पठाई अध्यक्ष रमेश सेन्चुरीको नेतृत्वमा शान्तिबाटिकामा सभा गरियो ।

अनौपचारिक वार्तामा अर्थसहसचिव महेश आचार्यसँगको कुराकानी सकारात्मक बनेपछि आन्दोलनरत पीडितहरूले औपचारिक रूपमा वार्ता टोली गठन गरेका हुन् ।

वार्ता र सम्झौतामा धोका भएपछि उनीहरूले आइतबारबाट पुनः माइतीघर केन्द्रित आन्दोलन थाल्ने तयारी गरेका छन् ।

***यस्ता छन् पीडितहरूका माग***

१ लघुवित्त संस्थाहरूको खारेजी । लघुवित्तीय संस्थाहरूले लगानी गरेको अन्यायपूर्ण ऋण मिनाहा गर्नुपर्ने

२ पीडितहरूमाथि भएका शोषण तथा अन्यायहरूको छानविन गरी क्षतिपूर्ति र पुनर्स्थापनाका लागि अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्नुपर्ने

३ जनमुखी मौद्रिक नीति र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने

४ वैक तथा वित्तीय संस्थाहरूले कालोसूचिमा राखेका ऋणीहरूलाई कालोसूचिबाट हटाई धितो लिलामका कार्यहरू तत्काल बन्द गर्नुपर्ने

५ ऋणका कारण समस्याग्रसत उद्यमी व्यवसायीहरूका उद्योग तथा व्यवसायकको रक्ष ।गर्न व्याजदर घटाई व्याज मिलान गर्न र पूर्ण व्यवसाय सञ्चालन गर्नका लागि सहुलियतपूर्ण व्याजमा व्यवसायिक कर्जा व्यवस्था गर्नुपर्ने

६ महिलाहरूलाई सम्पत्तिमाथि समान अधिकारबाट बञ्चित गर्ने तर उनीहरूले ऋणको दायित्व बहन गर्नुपर्ने व्यवस्था र विभेद अन्त्य गर्न महिला मुक्तिको राष्ट्रिय कार्यक्रमहरू घोषणा गर्नुपर्ने

७ सहुलियतपूर्ण ऋण लिन पाउने जनताको अधिकारलाई मौलिक हकमा समावेश गरी आर्थिक सुरक्षा प्रदान गरिनुपर्ने लगायत १४ बुँदे माग अगाडि सारेर आन्दोलन गरिरहेका छन् ।

लघुवित्तहरूले एउटै व्यक्तिलाई धैरै संस्थाबाट ऋण प्रवाह गर्ने, पुरानो ऋणको किस्ता तिर्न नयाँ ऋण लिन बाध्य बनाउने, चर्को तथा चक्रवर्ती ब्या लगाउने, विभिन्न नाममा सेवा शुल्क र हर्जाना असुल गर्ने तथा तिरेको रकमको स्पष्ट हिसाब नदिने प्रवृत्तिले पीडितहरूको ऋणभार असीमित रूपमा बढाएको आरोप लगाएका छन् । लघुवित्तको शोषणले पारिवारिक विखण्डन, मानसिक तनाव, सामाजिक अपमान, विस्थापन र आत्मसम्मानमा गम्भीर चोट पुर्‍याएको ठहर गर्दै उनीहरूले न्यायका निम्ति विगत पाँच वर्षदेखि निरन्तर रूपमा संघर्षरत गर्दै आएका छन् ।

## चिनियाँ...

प्रवर्द्धन कानुनमा ७ अध्याय ६५ धारा रहेका छन् । यसले नयाँ युगमा चीनको जातीय एकता तथा उन्नतिसम्बन्धी निर्देशक विचार, आधारभूत सिद्धान्त, प्रमुख कार्य, प्रत्याभूतिका उपाय र कानुनी जिम्मेवारी व्यवस्थित रूपमा प्रस्तुत गरेको छ । कानुनमा 'पाँचवटा साझा' रहेको चिनियाँ जातिको इतिहाससम्बन्धी धारणा र महासचिव सी जिन फिङको जातीय मामिलासम्बन्धी कार्यलाई जोड दिने र त्यसमा आवश्यक सुधार गर्ने महत्वपूर्ण विचारधाराका 'बाह्र अनिवार्यता' को मूल तत्व समाविष्ट छन् ।

चिनियाँ जातिको समष्टिको चेतनालाई दृढतापूर्वक स्थापित गर्ने शिक्षालाई विभिन्न शिक्षा प्रणालीमा समावेश गरी साझा भावनात्मक घर-आँगन निर्माण गर्ने काम भइरहेको छ । साझा समानताको प्रवर्द्धन गर्नु भनेको असमानता हटाउनु होइन र असमानताको सम्मान गर्नु भनेको असमानतालाई घनीभूत बनाउनु होइन । देशभर राष्ट्रिय भाषा र लिपिको प्रचार गरी अल्पसंख्यक जातिको भाषा तथा लिपिको प्रयोग र अध्ययन पनि सुनिश्चित बनाइएको छ । विभिन्न जातिको उत्कृष्ट संस्कृतिको निरन्तरता र विकासमा सहयोग पुर्‍याई विभिन्न जातिबिचको आदानप्रदान र सम्मिश्रणलाई उत्प्रेरित गरी साझा समृद्धिको अवस्था ल्याउने काम भएको छ ।

अल्पसंख्यक जातीय क्षेत्रमा उच्च गुणस्तरीय विकासको सरकारी नीति कार्यान्वयन गर्ने, ती क्षेत्रको विकासलाई राष्ट्रिय विकासको एजेन्डाभित्र पर्ने, विभिन्न जातिका जनताको सुन्दर जीवनप्रतिको चाहना पूरा गर्ने, 'चिनियाँ शैलीको आधुनिकीकरणद्वारा साझा समृद्धिको अवस्थामा पुग्दा कुनै पनि जाति छुट्नुहुँदैन' भन्ने वाचा पूरा गर्ने, जातीय एकता तथा उन्नति बिगार्ने, जातीय विखण्डन ल्याउने कार्य गर्ने देशबाहिर रहेका संस्था र व्यक्तिलाई कानुनी कारवाही गर्ने, देशको परिस्थिति सुहाउँदो, नियम कानुनसम्मत र अन्तर्राष्ट्रिय अभ्याससँग मेल खाने यो कदम राष्ट्रिय एकता, अखण्डता र सामाजिक स्थिरता कायम गरिराख्न सार्वभौम शक्ति प्रयोग गरी चलिआएको अत्यन्त आवश्यक कदम हो ।

जातीय एकता तथा उन्नति प्रवर्द्धन कानुनको कार्यान्वयनले आधार मजबुत बनाउने, पूर्वअपेक्षा स्थिर राख्ने र दीर्घकालीन फाइदा दिलाउने कुरा सुनिश्चित गर्छ । साथै चिनियाँ जातिको एकता तथा उन्नतिमा उच्च गुणस्तरको विकास हुनेछ, विभिन्न जातिका चिनियाँ जनतालाई अनारका दानाझैँ एकसाथ मिलेर बस्न उत्प्रेरित गर्नेछ र चिनियाँ जातिलाई एकताबद्ध गरी चिनियाँ शैलीको आधुनिकीरणलाई अघि बढाउने विशाल शक्तिको निर्माण गर्नेछ ।

चीन र नेपाल दुवै बहुजातीय देश हुन्, जातीय समस्या समाधान गर्नु, विभिन्न जातिको एकता र उन्नति हरेक आधुनिक देशको शासन व्यवस्थाको कर्तव्य हो । चीनले कहिले पनि संकुचित जातिवादको दृष्टिकोणबाट जातीय समस्यालाई हेरेको छैन, सँगै 'विश्वका सबै एक परिवार हुन्', भन्ने भावना राखी देशभित्रको जातीय एकता कायम राख्ने मात्र होइन, चिनियाँ ज्ञानको प्रयोगद्वारा समृद्धि प्रवर्द्धन गर्ने मार्गदर्शन निर्माण गर्न चाहन्छ । त्यही मार्गदर्शन विश्वका बहुजातीय देशसमक्ष प्रस्तुत गरी मानवजातिको साझा भाग्यको समष्टि निर्माणको दिशामा दृढतापूर्वक अघि बढी मानवजातिको अझ सुन्दर भविष्य निर्माण गर्न चाहन्छ ।

*(माओमिङ नेपालका लागि चीनका राजदूत हुन् ।)*

## कमरेड...

सिन्धुपाल्चोकको संयुक्त आयोजनामा आयोजित कमरेड बिमला श्रेष्ठको श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सिन्धुपाल्चोक जिल्लाका सचिव धन गोलेद्वारा सञ्चालित श्रद्धाञ्जली सभालाई नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालका केन्द्रीय संयोजक पवनमान श्रेष्ठले सभापतित्व गर्नुभएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सिपी गजुरेल हुनुहुन्थ्यो । अतिथि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता हेमन्त प्रकाश ओली स्थायी समिति सदस्य रामसिंह श्रीस, हरिभक्त कँडेल, ईन्द्रमोहन सिग्देल, परि थापा लगायतका नेताहरूको बाक्लो उपस्थितिमा उक्त श्रद्धाञ्जली सभा सम्पन्न भएको हो। सभामा क्रान्तिको क्रममा सहीद भएका ज्ञात अज्ञात सहिदहरू र मृतक क बिमला श्रेष्ठप्रति एक मिनेट मौनधारण गरिएको थियो । कार्यक्रममा मृतक परिवारलाई शोकपत्र हस्तान्तरण गरिएको थियो ।

श्रद्धाञ्जली सभालाई पार्टी प्रवक्ता हेमन्त प्रकाश ओलीले सम्बोधन गर्दै कमरेड बिमला श्रेष्ठको निधनबाट क शिव श्रेष्ठले भौतिक रूपले आफ्नो जीवन संगिनी गुमाउनु परेको छ भने पार्टीले एउटा कुशल जुझारु सदस्य गुमाउनु परेको मात्रै छैन पार्टी र क्रान्तिले ठूलो क्षति व्यहोर्न परेको चर्चा गर्दै उहाँको निधन बाट पैदा भएको शोकलाई शक्तिमा बदलेर मात्रै उहाँले पार्टी र क्रान्तिलाई पुर्याउनु भएको योगदानको साँचो अर्थमा सम्मान हुने बताउनुभयो ।

दश वर्षे महान जनयुद्धको क्रममा काहाली लाग्दो दमन र धरपकडका विच पनि घाइतेहरूलाई सहयोग गर्ने, उपचारमा ठुल्ठुला जोखिम मोलेर सहज उपचारको वातावरण बनाउन सहजीकरण गर्ने जस्ता महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएकी क बिमला श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँले शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको थियो ।

मृतक बिमला श्रेष्ठकी जीवन संगी क शिव श्रेष्ठले कमरेड विमलाको साथ सहयोग र उत्प्रेरणाले नै निरन्तर पार्टी र क्रान्तिमा अनवरत लागिपरिरहने प्रेरणा मिलेको सम्झदै उहाँबाट शिक्षा र प्रेरणा लिएर वर्तमानलाई वुझ्ने धैरै बिषय भएको बताउनुहुँदै यो शोकलाई शक्तिमा बदल्नु नै सहि अर्थमा उहाँप्रति श्रद्धाञ्जली हुने बताउनुभयो र पार्टी र संगठनले यो कार्यक्रम आयोजना गरेर सम्मान गरेको मा विशेष धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा क्रान्तिकारी महिला संगठन नेपालकी संयोजक सारदा महतले उहाँबाट शिक्षा र प्रेरणा लिएर शोकलाई शक्तिमा बदल्नुपर्ने बताउदै पार्टी र क्रान्तिलाई उहाँले पुर्याउनु भएको योगदानलाई हाम्रो संगठनले शिक्षा र प्रेरणाको रूपमा सधैं ग्रहण गर्ने धारणा राख्नुभयो । र, कमरेड विमला श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार तथा आफन्त जनहरूमा गहिरो समवेदना प्रकट गर्नुभएको थियो ।

अन्तमा कार्यक्रमका सभापति पवनमान श्रेष्ठले समापन मन्तव्य राख्दै समयमै उहाँलाई उपचार गरेर जोगाउन नसकेकोप्रति दुःख व्यक्त गर्नुभयो । उहाँले पार्टी र क्रान्तिलाई पुर्याउनु भएको योगदानलाई अनुसरण गर्दै कत्तिसम्म जीवन व्यबहारमा देखाउन सक्छौं भन्ने कुराले महत्व राख्ने बताउनुहुँदै वर्तमानमा उहाँ जस्तो खारिएका सदस्यहरूको अभाव पार्टी र क्रान्तिमा सर्वत्र खड्किरहने बताउनुभयो। उहाँले पार्टी र क्रान्तिलाई पुर्याउनु भएको उच्च त्याग र योगदान बाट शिक्षा लिएर वर्तमानलाई अग्रगामी रूपान्तरण गर्न प्रेरित हुनुनै सहि अर्थको श्रद्धाञ्जली हुने बताउनुभयो ।

## जातीय...

एक विज्ञप्ती जारि गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घले जातीय तथा धार्मिक द्वन्द्व नभड्काउन र सामाजिक सद्भाव कायम गर्न सरोकार सवै जनातामा अपिल गरेको छ ।

महासङ्घका केन्द्रीय संयोजक हिरामणि दुःखीद्वारा जारि गरिएको वक्तव्यमा उक्त घटनाको ध्यानाकर्षण भएको जनाउँदै भनिएको छ - 'धर्म जनताको वैयक्तिक स्वतन्त्रताको विषय हो । नेपाल वहुजाति, वहुधार्मिक र वहुसांस्कृतिक जनताको सामूहिक, मैत्रीपूर्ण र सद्भावपूर्ण तरिकाले मिलिजुली बसोवास गरिएको मुलुक हो । शताब्दियौँदेखि विभिन्न जातजाति र धार्मिक आस्थाका जनताको मैत्रीपूर्ण एवम् सहिष्णु व्यवहारप्रति केही वर्ष यता राष्ट्रद्रोही देशी-विदेशी कुतत्वबाट सामाजिक सद्भाव खल्बल्याएर देशलाई धार्मिक, जातीय र क्षेत्रीय द्वन्द्वमा फसाउने विभिन्न षड्यन्त्रहरू भइरहेका छन् । कप्तानगञ्जमा भएको 'हिन्दू' र 'मुस्लिम' समुदायका बिच भड्काइएको द्वन्द्व पनि देशलाई अस्थिर र अन्त्यहिन साम्प्रदायिक युद्धमा धकेल्ने नियोजित षड्यन्त्र त भइरहेको छैन भन्ने विषयमा गम्भीररूपले अध्ययन अनुसन्धान गर्नुपर्ने भएको छ । हाम्रो सङ्गठन यसप्रकारको धार्मिक द्वन्द्वप्रति खेद व्यक्त गर्दछ । जनताले स्वतन्त्र रूपमा विभिन्न धर्मका आआफ्नै चाडपर्व मनाउनु उनीहरूको स्वतन्त्रताको विषय हो । एक धर्मले अर्को धर्मका जनताको आस्था र विश्वासमा ठेस पुऱ्याउने कुनैपनि गतिविधि क्षम्य विषय होइनन् । यस्तो मामिलामा स्थानीय जनप्रतिनिधिहरू, स्थानीय सरकार, जिल्ला प्रशासन, प्रहरी प्रशासन तथा सचेत नागरिकहरूले चनाखो भएर धार्मिक, जातीय एवम् क्षेत्रीय विद्वेष फैलिन नदिन सचेत रहनुपर्छ ।'

वक्तव्यमा वर्तमान सरकार एकातिर राष्ट्रघात र जनघात गर्न उद्धत रहेको जनाउँदै जनतामा सामाजिक सद्भाव कायम गराउन सचेत नभएको बताइएको छ । वक्तव्यमा सरकारले राष्ट्र र जनविरोधी क्रियाकलाप गरिरहेको समयमा जनाता सचेत र सङ्गठित रूपमा जनतन्त्र, राष्ट्रियता र जनजिविकाका निम्ति सङ्घर्षमा जुट्नुपर्ने बेला आपसमा धार्मिक र जातीय हिंसामा उत्रिनु गलत भएको भनिएको छ । 'हाम्रो सङ्गठनले कुनैपनि धर्म र वर्णाश्रम व्यवस्थामा आधारित जातप्रथाप्रति विश्वास गर्दैन । तथापि जनताको धार्मिक स्वतन्त्रताको सम्मान गर्दछ । तसर्थ शताब्दियौँदेखि विभिन्न धर्म र सम्प्रदायका बिचमा भएको सद्भावलाई खल्वल्याएर धमिलो पानी बनाएर माछा मार्ने देशी-विदेशी षड्यन्त्रप्रति खबरदारी गर्दछ । देवानगञ्ज हुँदै वीरगञ्जसम्म फैलिएको धार्मिक विध्वंशपूर्ण हिंसात्मक आन्दोलन रोकेर सबै धर्मकाप्रति सद्भाव राख्दै सहिष्णु रहन र शान्ति स्थापना गर्न सम्पूर्ण जनतामा हार्दिक अपिल गर्दछ । साथै द्वन्द्वमा मारिएका जनताका परिवारलाई क्षतिपूर्ति दिन, घाइतेहरूको सम्पूर्ण उपचार निशुल्क गर्न र घटनाको सर्वदलीय सर्वपक्षीय छानविन टोली गठन गरी निष्पक्ष छानविन गर्न र दोषीहरूलाई हदैसम्मको कार्वाही गर्न सरकारसमक्ष जोडदार माग गर्दछ ।'

## देशको...

अघिल्लो दिन साँझ हिन्दु समुदायबाट बाजा गाजासहित चतराधाममा जल चढाउन जाने प्रक्रियामा 'बाजाको आवाज कम गरौँ' भन्ने कुराबाट विवाद शुरु भएको भन्ने स्थानीय बासिन्दाको भनाइ छ । यस घटनामा देवानगन्ज ४ का ओमप्रकाश मेहताको मृत्यु भएको छ र कैयौं घाइते भएका छन् । यो घटनालाई लिएर अन्य विभिन्न ठाउँमा पनि प्रदर्शन भएका छन् । यो घटनाप्रति क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।"

वक्तव्यमा अगाडि भनिएको छ, "हाम्रो पार्टी कठपुतली बालेन्द्र सरकारलाई उक्त घटनाको मूलकारण पत्ता लगाई दोषीमाथि कार्वाही गर्न, मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिन र घाइतेहरूको निशुल्क उपचार व्यवस्था मिलाउन माग गर्दछ । यसका साथै हामी आम जनसमुदायलाई कठपुतली सरकार र यसका मालिकहरूले चाहे अनुसार होइन, सामाजिक सद्भाव कायम गरी नेपालको सार्वभौम सत्ता तथा अखण्डताको रक्षाका लागि दह्रोसँग उभिन अनुरोध गर्दछौं । हामी हाम्रो राज्यसत्ता भित्र नै पराइका मित्रहरू छन् भन्ने कुरामा सधैं सतर्क रहनु पर्दछ । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद आन्तरिक कलह भड्काएर हाम्रो देशमा आफ्नो साम्राज्य कायम गर्न चाहन्छन् । त्यसैले हाम्रो पार्टी देशको अखण्डताको रक्षा गर्न र सामाजिक सद्भाव कायम राखी साम्राज्यवादका विरुद्ध एकतावद्ध भएर रहन उक्त क्षेत्रका दुवै समुदाय सहित आम नेपाली जनतामा विशेष आह्वान गर्दछ ।"

## वर्तमान...

***१. नेपालको राजनीतिक संकटको ऐतिहासिक पृष्ठभूमि***

वर्तमान राजनीतिक संकट आकस्मिक रूपमा उत्पन्न भएको होइन । यो लामो समयदेखि समाधान हुन नसकेका राजनीतिक, आर्थिक तथा सामाजिक अन्तरविरोधहरूको परिणाम हो । २००७ सालको राजनीतिक परिवर्तनले निरंकुश राणा शासनको अन्त्य गर्दै नयाँ राजनीतिक युगको सुरुआत गऱ्यो । तर सामन्ती उत्पादन सम्बन्ध, भूमि तथा आर्थिक स्रोतमा असमान पहुँच र राज्यसत्ताको पुरानो शक्ति संरचनामा अपेक्षित परिवर्तन गर्न सकेन ।

२०१७ सालमा स्थापित पञ्चायती व्यवस्थाले राजनीतिक स्वतन्त्रता सीमित गर्दै केन्द्रीकृत राज्यसत्ता र विद्यमान शक्ति सम्बन्धलाई निरन्तरता दियो । त्यसविरुद्धको संघर्षबाट २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापित भयो । तर बहुदलीय व्यवस्थाले पनि भूमिसम्बन्ध, उत्पादन सम्बन्ध, सामाजिक उत्पीडन, आर्थिक असमानता र राज्य पुनर्संरचनाका आधारभूत प्रश्न समाधान गर्न सकेन ।

यही ऐतिहासिक अन्तरविरोधको पृष्ठभूमिमा २०५२ सालको जनयुद्धले वर्गीय, जातीय, क्षेत्रीय तथा अन्य उत्पीडनका प्रश्नलाई राज्यसत्ताको पुनर्संरचनासँग जोड्दै राष्ट्रिय राजनीतिको केन्द्रमा ल्यायो । जनयुद्धको जगमा भएको २०६२/६३ को जनआन्दोलन र विस्तृत शान्ति सम्झौताको माध्यमबाट संविधानसभामार्फत गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता जस्ता आंशिक उपलब्धिसहित राजनीतिक संरचना बदल्ने काम भयो । तर उत्पादनका साधनमाथिको स्वामित्व, आर्थिक शक्ति सम्बन्ध, स्रोतको वितरण र राज्यसत्ताको वर्गीय आधारमा अपेक्षित परिवर्तन हुन सकेन । फलतः राजनीतिक उपलब्धि र जनजीवनबीचको दूरी बढ्दै गयो । यस अर्थमा आजको संकट राजनीतिक परिवर्तनलाई आर्थिक तथा सामाजिक रूपान्तरणमा बदल्न नसक्नुको परिणाम हो ।

***२. वर्तमान राजनीतिक संकटका संरचनागत आधार***

वर्तमान संकटलाई आर्थिक, सामाजिक र राजनीतिक पक्षलाई अलग-थलग गरेर होइन्, अन्तरसम्बन्धित रूपमा हेर्नुपर्छ । आर्थिक संरचनाले सामाजिक सम्बन्धलाई प्रभावित गर्छ । सामाजिक सम्बन्धले राजनीतिक चेतना र संघर्षलाई आकार दिन्छ र राज्यसत्ताले यी सम्बन्धलाई संस्थागत तथा पुनर्गठित गर्छ । त्यसैले संकट पनि यिनै सम्बन्धहरूको समष्टिगत अभिव्यक्ति हो ।

***आर्थिक संरचना, उत्पादन सम्बन्ध र नवउदारवाद***

नेपालको अर्थतन्त्र उत्पादनमुखी राष्ट्रिय आधारभन्दा आयात, विप्रेषण र उपभोगमा बढी निर्भर हुँदै गएको छ । कृषि तथा उद्योगको अपेक्षित विकास हुन नसक्दा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन र ठूलो श्रमशक्ति वैदेशिक रोजगारीमा निर्भर भएको छ । कमजोर राष्ट्रिय उत्पादन क्षमता, व्यापार घाटा, स्रोतमा असमान पहुँच र बाह्य निर्भरताले अर्थतन्त्रलाई परनिर्भर बनाउँदै लगेका छन् ।

यसलाई केवल बेरोजगारी वा गरिबीको प्रश्नका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यसको मूल प्रश्न उत्पादक शक्ति र उत्पादन सम्बन्धबीचको अन्तर्सम्बन्ध तथा उत्पादनका साधनमाथिको स्वामित्वसँग जोडिएको छ । समाजमा उत्पादन गर्ने श्रमशक्ति र उत्पादनका साधनबीच स्थापित सम्बन्धले नै आर्थिक शक्ति संरचनाको आधार निर्माण गर्छ । जब उत्पादनका साधन, उत्पादन र सम्पत्तिको वितरणमाथि सीमित आर्थिक शक्तिको नियन्त्रण कायम हुन्छ, तब आर्थिक असमानता गहिरिँदै जान्छ र त्यसको प्रभाव राजनीतिक शक्तिको संरचनामा समेत पर्न जान्छ । फलतः आर्थिक शक्ति क्रमशः राजनीतिक शक्तिसँग गाँसिँदै जाँदा सत्ता र निर्णय प्रक्रियामाथि पनि सीमित वर्गको प्रभाव केन्द्रित हुँदै जान्छ ।

१९९० को दशकपछि प्रभाव विस्तार भएको नवउदारवादी नीतिले निजीकरण, उदारीकरण र बजारमुखी अर्थतन्त्रलाई प्राथमिकता दियो । कमजोर राष्ट्रिय उत्पादन आधार भएको अवस्थामा यसले स्वदेशी उत्पादन र सार्वजनिक क्षेत्रको सुदृढीकरणभन्दा आयात, निजी पुँजी, बाह्य लगानी र बजार निर्भरतालाई बढावा दिने परिस्थिति निर्माण गऱ्यो । यसको प्रभाव अर्थतन्त्रमा मात्र सीमित रहेन - श्रम, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा र राज्यको आर्थिक भूमिका समेत प्रभावित भए । त्यसैले नेपालको राजनीतिक संकटको आर्थिक आधार बुझ्दा नवउदारवाद, कमजोर राष्ट्रिय उत्पादन र आर्थिक निर्भरतालाई एकअर्काबाट अलग गर्न मिल्दैन । राष्ट्रिय उत्पादन शक्ति कमजोर र अर्थतन्त्र परनिर्भर रहँदा राजनीतिक स्वाधीनता पनि सीमित हुन्छ ।

***सामाजिक संरचना र उत्पीडन***

नेपालको समाज वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिक तथा क्षेत्रीय विविधताले बनेको छ । संवैधानिक तथा कानुनी सुधार भए पनि ऐतिहासिक विभेदका भौतिक आधार पूर्ण रूपमा समाप्त भएका छैनन् । भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन र विकासका अवसरमा असमान पहुँचले सामाजिक विभेदलाई निरन्तरता दिएको छ ।

वर्गीय शोषण र जातीय, लैङ्गिक तथा क्षेत्रीय उत्पीडनलाई अभिन्न सवालको रूपमा हेर्नु पर्दछ । आर्थिक स्रोत, उत्पादन र राज्यसत्तामा पहुँचको असमानताले सामाजिक उत्पीडनलाई पुनरुत्पादन गर्छ । त्यसैले सामाजिक मुक्ति र आर्थिक रूपान्तरणबीच अविभाज्य सम्बन्ध छ ।

विशेषतः युवाको बढ्दो वैदेशिक पलायन, रोजगारीको अभाव, सामाजिक असुरक्षा र भविष्यप्रतिको अनिश्चितताले राज्य र नागरिकबीचको विश्वास कमजोर बनाएको छ । राजनीतिक परिवर्तनले जनताको दैनिक जीवनमा अपेक्षित परिवर्तन ल्याउन नसक्दा राजनीतिक व्यवस्थाप्रतिको निराशा बढ्नु स्वाभाविक परिणाम हो ।

***राजनीतिक संरचना र राज्यसत्ताको चरित्र***

राजनीतिक क्षेत्रमा सत्ता केन्द्रित प्रतिस्पर्धा, अवसरवादी गठबन्धन, व्यक्ति केन्द्रित नेतृत्व, भ्रष्टाचार, दण्डहीनता र नीतिगत अस्थिरताले जनविश्वास कमजोर बनाएका छन् । राजनीतिक दलहरू जनसंघर्ष र रूपान्तरणका माध्यम बन्नु पर्नेमा सत्ता प्राप्ति र सत्ता संरक्षणलाई प्राथमिकता दिन थालेपछि विचार र व्यवहारबीचको दूरी बढेको छ । तर राजनीतिक संकटलाई केवल नेतृत्वको नैतिक कमजोरीमा सीमित गर्नु पर्याप्त हुँदैन । राज्यसत्ता स्वयं सामाजिक-आर्थिक शक्ति सम्बन्धबाट अलग हुँदैन । जब आर्थिक स्रोत, उत्पादन र सम्पत्तिमाथि सीमित शक्तिको प्रभाव कायम रहन्छ, त्यसको राजनीतिक प्रभाव राज्यका नीति र संस्थाहरूमा पनि देखिन्छ । त्यसैले राज्यसत्ताको वर्गीय चरित्र र आर्थिक शक्ति संरचनाबीचको सम्बन्धलाई बेवास्ता गरेर राजनीतिक संकटको पूर्ण व्याख्या सम्भव हुदैन ।

***३. संकटको वर्गीय तथा वैचारिक चरित्र***

नेपालमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि उत्पादन सम्बन्ध र आर्थिक शक्ति संरचनामा अपेक्षित गुणात्मक परिवर्तन हुन नसक्दा शोषण, असमानता र निर्भरताका आधार विभिन्न रूपमा कायम छन् । उत्पादन तथा वितरण प्रक्रियामा सीमित आर्थिक शक्तिको प्रभाव रहँदा श्रमिक, किसान, दलित, आदिवासी जनजाति, महिला, निम्न आय वर्ग तथा अन्य उत्पीडित समुदायका अधिकार र रूपान्तरणका आकांक्षा पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन् ।

यस अर्थमा वर्तमान संकट मूलतः वर्गीय शक्ति सम्बन्धको राजनीतिक अभिव्यक्ति हो । यसको सतही रूप सत्ता संघर्ष, सरकार परिवर्तन वा गठबन्धनमा देखिए पनि गहिराइमा उत्पादनका साधनमाथिको नियन्त्रण, आर्थिक स्रोतको वितरण, श्रम र पुँजीबीचको सम्बन्ध तथा राज्यसत्ताको सामाजिक आधारको प्रश्नसँग जोडिएको छ ।

यससँगै वैचारिक विचलन पनि संकटको महत्वपूर्ण पक्ष हो । सिद्धान्तनिष्ठ र जनआधारित राजनीतिभन्दा सत्ता केन्द्रित अवसरवाद, व्यक्तिवाद, तात्कालिक स्वार्थ र गठबन्धनमुखी प्रवृत्ति बलियो हुँदा वर्गीय दृष्टिकोण कमजोर हुन्छ । घोषित विचार र व्यवहारबीचको दूरीले राजनीतिक विश्वास मात्र होइन, रूपान्तरणको सम्भावनासमेत कमजोर बनाउँछ ।

त्यसैले संकटको समाधान नेतृत्व परिवर्तन वा सत्ता समीकरण परिवर्तनमा मात्र खोज्नु पर्याप्त हुँदैन । राजनीतिक विचार, संगठन, वर्गीय आधार र जनतासँगको सम्बन्धलाई पुनर्गठन नगरी रूपान्तरणकारी राजनीति निर्माण हुन सक्दैन ।

***४. समकालीन राजनीतिक शक्तिहरू : उपलब्धि, सीमा र चुनौती***

नेपालका विभिन्न राजनीतिक शक्तिहरूले लोकतान्त्रिक अधिकार, गणतन्त्र, संघीयता, समावेशिता तथा धर्मनिरपेक्षताजस्ता राजनीतिक उपलब्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । यी उपलब्धिलाई अस्वीकार गर्नु इतिहासको वस्तुगत मूल्याङ्कन होइन । तर ती उपलब्धिलाई जनजीविका, उत्पादन, रोजगारी, सामाजिक न्याय र आर्थिक रूपान्तरणसँग अपेक्षित रूपमा जोड्न नसकिएको यथार्थ पनि स्पष्ट छ ।

वामपन्थी, लोकतन्त्रवादी, समाजवादी तथा क्षेत्रीय शक्तिहरूले परिवर्तनका विभिन्न एजेन्डा अघि सारे पनि व्यवहारमा सत्ता केन्द्रित प्रतिस्पर्धा र तात्कालिक राजनीतिक स्वार्थ हावी हुँदै गएका छन् । वर्गीय दृष्टिकोणको क्षय, वैचारिक अस्पष्टता र निर्भर आर्थिक नीतिप्रतिको झुकावले राजनीतिक परिवर्तनलाई आर्थिक-सामाजिक रूपान्तरणसँग जोड्ने रूपान्तरणकारी धार कमजोर बनाएको छ ।

फलतः राजनीतिक परिवर्तनका उपलब्धि संस्थागत भए पनि उत्पादनमुखी अर्थतन्त्र, आर्थिक आत्मनिर्भरता, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताका प्रश्न राजनीतिक प्राथमिकताको केन्द्रमा आउन सकेका छैनन् । त्यसैले वर्तमान संकटलाई कुनै एक दल वा नेतृत्वको असफलतामा सीमित गर्नु हुँदैन । यो व्यापक राजनीतिक संस्कृतिमा विकसित अवसरवाद र वैचारिक विचलनको परिणाम पनि हो ।

***५. नवऔपनिवेशवाद, बाह्य शक्ति र राष्ट्रिय स्वाधीनता***

नेपालको राजनीतिक संकट आन्तरिक अन्तरविरोधमा मात्र सीमित छैन । नेपालको भूराजनीतिक अवस्थाले बाह्य शक्तिको रणनीतिक, आर्थिक र राजनीतिक चासोलाई निरन्तर प्रभावकारी बनाएको छ । कमजोर राष्ट्रिय उत्पादन क्षमता र आर्थिक निर्भरताले बाह्य प्रभाव विस्तारका लागि थप आधार सिर्जना गर्छ ।

प्रत्यक्ष औपनिवेशिक शासन समाप्त भए पनि आर्थिक, वित्तीय, कूटनीतिक, राजनीतिक तथा सांस्कृतिक माध्यमबाट शक्तिशाली राष्ट्र र अन्तर्राष्ट्रिय पुँजीले कमजोर देशको नीति र विकासको दिशामा प्रभाव पार्ने अवस्थालाई नवऔपनिवेशवादी सम्बन्धका रूपमा विश्लेषण गर्न सकिन्छ । वैदेशिक ऋण, सहायता, लगानी, व्यापार तथा श्रम आप्रवासन यस सन्दर्भमा महत्वपूर्ण छन् ।

तर राष्ट्रिय स्वाधीनताको प्रश्नलाई कुनै एक बाह्य शक्तिको समर्थन वा विरोधमा सीमित गर्नु उचित हुँदैन । यसको मूल आधार नेपालले आफ्नो राष्ट्रिय हित, सार्वभौम निर्णय क्षमता र विकासको दिशा आफैँ निर्धारण गर्न सक्ने आर्थिक तथा राजनीतिक क्षमता निर्माण गर्नु हो । राष्ट्रिय स्वाधीनताको वास्तविक आधार राजनीतिक सार्वभौमिकतासँगै आर्थिक स्वाधीनता, राष्ट्रिय उत्पादन शक्ति, प्राकृतिक स्रोत साधनमाथिको राष्ट्रिय नियन्त्रण, स्वदेशी श्रम र प्रविधिको विकास तथा स्वतन्त्र नीति निर्माण क्षमता हो । आर्थिक रूपमा परनिर्भर राष्ट्रले राजनीतिक रूपमा पूर्ण स्वतन्त्र निर्णय क्षमता कायम गर्न कठिन हुन्छ ।

***६. वर्तमान संकटको समग्र चरित्र***

यसरी हेर्दा नेपालको वर्तमान राजनीतिक संकट बहुआयामिक भए पनि यसको केन्द्रमा संरचनागत अन्तरविरोध छ । यसको सतही अभिव्यक्ति सरकार परिवर्तन, सत्ता अस्थिरता, भ्रष्टाचार, जनअविश्वास र राजनीतिक ध्रुवीकरणमा देखिन्छ तर गहिरो आधार उत्पादन सम्बन्ध, आर्थिक शक्ति संरचना, सामाजिक उत्पीडन, राज्यसत्ताको वर्गीय चरित्र, वैचारिक विचलन र बाह्य निर्भरतामा रहेको छ ।

राजनीतिक संरचनामा परिवर्तन भए पनि आर्थिक आधार र शक्ति सम्बन्धमा अपेक्षित परिवर्तन नहुँदा पुराना शक्ति सम्बन्धहरू नयाँ संरचनाभित्र पुनर्गठित भएका छन् । त्यसैले संकट समाप्त नभई नविन रूपमा प्रकट भइरहेको छ ।

***७. संकटको निकास***

वर्तमान संकटको निकास केवल सरकार परिवर्तन, निर्वाचन वा सत्ता-गठबन्धनको फेरबदलबाट सम्भव छैन । यसको समाधानका लागि संकटका संरचनागत कारणमाथि हस्तक्षेप आवश्यक छ । त्यसका लागि कृषि, उद्योग, ऊर्जा, भूमि, प्राकृतिक स्रोत, श्रम र प्रविधिलाई राष्ट्रिय उत्पादन विस्तारमा परिचालन गर्दै उत्पादनमुखी, श्रम केन्द्रित र आत्मनिर्भर अर्थतन्त्रको आधार निर्माण गर्नु पर्छ । उत्पादनका साधन र स्रोतमा न्यायपूर्ण पहुँच तथा उत्पादनबाट सिर्जित सम्पत्तिको न्यायोचित वितरण सुनिश्चित नगरी आर्थिक संकटको दिगो समाधान सम्भव हुँदैन । त्यसैगरी वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेदका भौतिक आधार कमजोर पार्दै शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, उत्पादन र राज्यसत्तामा समान तथा न्यायपूर्ण पहुँच स्थापित गर्नुपर्छ । सामाजिक मुक्ति र आर्थिक रूपान्तरणलाई छुट्टाछुट्टै विषय होइन, एउटै परिवर्तनकारी प्रक्रियाका रूपमा अघि बढाउन आवश्यक छ । सत्ता केन्द्रित अवसरवाद, व्यक्तिवाद र सम्झौतापरस्त संस्कृतिको विकल्पमा सिद्धान्तनिष्ठ, जनआधारित र उत्तरदायी राजनीतिक अभ्यास विकास गर्नुपर्छ । नवउदारवादी निर्भरता घटाउँदै राष्ट्रिय स्रोत, श्रम, प्रविधि र पूँजीलाई जनहितमा परिचालन तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई सार्वभौम निर्णय क्षमता र राष्ट्रिय हितमा आधारित बनाउनुपर्छ । अतः वास्तविक निकास सामान्य शासन सत्ता सुधारमा नभई उत्पादन सम्बन्ध, राज्यसत्ता र विकासको दिशामै गुणात्मक रूपान्तरण गर्ने परिवर्तनकारी प्रक्रियामा निहित छ ।

***निष्कर्ष***

नेपालको वर्तमान राजनीतिक संकट आकस्मिक अस्थिरता वा नेतृत्वको सामान्य असफलताको परिणाम होइन । यो राजनीतिक परिवर्तनलाई अपेक्षित आर्थिक-सामाजिक रूपान्तरणमा बदल्न नसकिएको ऐतिहासिक अवस्थाको अभिव्यक्ति हो । गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशिता र लोकतान्त्रिक अधिकारका उपलब्धि महत्वपूर्ण भए पनि तिनको सामाजिक तथा आर्थिक आधारमा गहिरो परिवर्तन हुन नसक्दा जनताको मुक्ति र रूपान्तरणको प्रक्रिया अधुरै छ । त्यसैले अबको राजनीतिक दिशाले विगतका उपलब्धिको संरक्षणसँगै तिनलाई जनजीवनमा अनुभूत हुने परिवर्तनको आधारमा रूपान्तरण गर्नुपर्ने चुनौतीको सामना गर्नुपर्छ ।

यो रूपान्तरण सत्ता समीकरणको फेरबदलबाट होइन, जनताको संगठित शक्ति र वर्गीय एकताको विकासबाट अघि बढ्न सक्छ । उत्पादन र श्रमसँग प्रत्यक्ष जोडिएको किसान-मजदुर वर्गको एकता यस प्रक्रियाको प्रमुख सामाजिक-राजनीतिक आधार हो । यही एकताले आर्थिक परनिर्भरता, सामाजिक उत्पीडन र संरचनागत असमानताविरुद्धको संघर्षलाई व्यापक जनआधार प्रदान गर्दै राज्यसत्तालाई सीमित वर्गीय स्वार्थको संरक्षणबाट जनताको हित, सहभागिता र नियन्त्रणतर्फ रूपान्तरण गर्ने आधार तयार गर्छ ।

यसरी नेपालको भावी राजनीतिक यात्रा सामान्य सत्ता परिवर्तनको चक्रमा होइन, किसान-मजदुर एकतामा आधारित राज्यसत्ता, राष्ट्रिय स्वाधीनता र गहिरो सामाजिक-आर्थिक रूपान्तरणको दिशामा अघि बढ्नुपर्छ । यही दिशाले मात्र विगतका जनसंघर्षबाट प्राप्त राजनीतिक उपलब्धिलाई स्थायी सामाजिक परिवर्तन र जनमुक्तिको आधारमा रूपान्तरण गर्न सक्नेछ । *साउन १७, २०८३*

**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- ww .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

## आलोपालो

# चिनियाँ राजदूतले लेखे– सबै जातिको सहयात्रा र साझा भविष्य

### चीन देशभित्रको जातीय एकता कायम राख्नुका साथै चिनियाँ ज्ञानको प्रयोगद्वारा समृद्धि प्रवर्द्धन गर्ने मार्गदर्शन निर्माण गर्न चाहन्छ



● झाङ माओमिङ ●

सन् २०१६ जुलाई १ मा 'जनवादी गणतन्त्र चीन जातीय एकता तथा उन्नति प्रवर्द्धन कानुन' औपचारिक रूपमा कार्यान्वयन भयो। नयाँ युगको जातीय मामिलाको पहिलो अलग कानुनका रूपमा रहेको यस कानुनले पहिलोपटक महासचिव सी चिन फिङको जातीय मामिलासम्बन्धी कार्यलाई जोड दिने र त्यसमा आवश्यक सुधार गर्नुपर्ने महत्वपूर्ण विचारधारालाई कानुनमा समावेश गरेको छ। यो जातीय समस्या समाधान गर्ने चिनियाँ विशेषतायुक्त कानुनी इतिहासको एक कोसेढुंगा हो।

चीनको इतिहास भनेकै विभिन्न जाति आपसमा मिसिई बनेको विविधतामा एकतायुक्त इतिहास हो। चीनका विभिन्न जातिका जनताले एक-आपसमा आवतजावत, आदानप्रदान गर्दै मिसिँदै साझा रूपमा गौरवशाली चिनियाँ संस्कृतिको निर्माण गरे। महान् जातीय स्पिरिट सिर्जना गरे। अन्ततः रक्तवंश जोडिएको, एक समान आस्था र संस्कृति भएको, परस्पर आधारित अर्थ व्यवस्था भएको, भावनात्मक रूपमा नजिक चिनियाँ जातिको समष्टिको निर्माण भयो।

जातीय एकता चिनियाँ विभिन्न जातिका जनताको जीवन रेखा हो। चिनियाँ जातिको समष्टिको चेतना जातीय एकताको आधार हो। एक सय वर्षदेखि चिनियाँ कम्युनिस्ट पार्टीले मार्क्सवादको जातिसम्बन्धी सिद्धान्तलाई चीनको जातीय समस्याको वास्तविक अवस्था र चीनको उत्कृष्ट परम्परागत संस्कृतिसँगएकाकार गरेको छ। त्यसको व्यावहारिक अभ्यासमा चिनियाँ कम्युनिस्ट पार्टीको जातीय मामिलासम्बन्धी कार्यलाई परिमार्जन गर्ने उपाय पत्ता लगाई जातीय समस्या समाधान गर्ने चिनियाँ विशेषतायुक्त सही मार्ग निर्माण गरेको छ। चिनियाँ कम्युनिस्ट पार्टीको अठारौँ महाधिवेशनयता महासचिव सी जिन फिङको जातीय मामिलासम्बन्धी कार्यलाई जोड दिने र त्यसमा आवश्यक सुधार गर्ने महत्वपूर्ण विचारधारा निर्माण भएको छ।

जातीय एकता तथा उन्नति प्रवर्द्धन कानुन निर्माणको उद्देश्य राष्ट्रिय कानुन निर्माण प्रक्रियाद्वारा जातीय मामिलासम्बन्धी कार्यमा चीनले हासिल गरेको महत्वपूर्ण सैद्धान्तिक तथा व्यावहारिक उपलब्धिलाई राष्ट्रिय मनोबलमा परिणत गरी चिनियाँ जातिको समष्टिको चेतनालाई सशक्त बनाई एकता र केन्द्राभिमुख शक्तिलाई अझ मजबुत बनाउनु हो। युगको आवश्यकताअनुरूप जातीय एकता तथा उन्नति प्रवर्द्धन कानुन निर्माणले चिनियाँ जातिको इतिहासबाट भविष्यतर्फ, परम्पराबाट आधुनिकतातर्फ र विविधताबाट एकताबद्ध हुने विकासको लहरको सही सम्बोधन गरेको छ। यसमा चीनका विभिन्न जातिका जनताको साझा इच्छा प्रतिबिम्बित भएको छ। जातीय एकता तथा उन्नति *बाँकी ७ पेजमा*


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं,

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# अखिल (क्रान्तिकारी)द्वारा हिवाङ दोर्जे लामाको श्रद्धाञ्जली कार्यक्रम सम्पन्न



हेटौडा। अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिव प्रवेश रुम्बाका बुबा हिवाङ दोर्जे लामाको निधनको २१ औं दिनमा संगठनको केन्द्रीय समितिको आयोजनमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको छ।

मकवानपुर जिल्ला मनहरी गापा वडा नं ८ स्थित मृतकको निवासमा साउन १२ गते गरिएको कार्यक्रमको अध्यक्षता संगठनका केन्द्रीय अध्यक्ष महेश श्रेष्ठले गर्नुभएको थियो।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्यूरो सदस्य तथा ११ नं व्यूरोका इन्चार्ज चन्द्रहरि सुवेदी अटलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि र कार्यक्रमका अध्यक्षले श्रद्धाञ्जली मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टी मकवानपुर जिल्लाका सेक्रेटरी वीर बहादुर घलान, मनहरि गाउँपालिका उपाध्यक्ष सीता कुलामी मगर, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला सेक्रेटरी सद्धाम अन्सारी लगायतका नेताहरूको आतिथ्यता तथा उपस्थिति रहेको थियो।

श्रद्धाञ्जली कार्यक्रमको सञ्चालन संगठनका केन्द्रीय सचिव तथा बागमती प्रदेश इन्चार्ज दिनेश जोशीले गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि, कार्यक्रमका अध्यक्ष र अतिथिहरूले संयुक्त रूपमा परिवारलाई समवेदना पत्र हस्तान्तरण गर्नुभएको थियो।

संगठनको केन्द्रीय समितिद्वारा हस्तान्तरित समवेदना पत्रमा लेखिएको छ, "हाम्रो संगठन अखिल (क्रान्तिकार)का केन्द्रीय सचिव कमरेड प्रवेश रुम्बाका आदरणीय बुबा हिवाङ दोर्जे लामाको ७६ वर्षको उमेरमा २०८३ असार २४ गते रातको १२ बजे मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नं ८ स्थित आफ्नै निवासमा भएको दुःखद् निधनप्रति अखिल (क्रान्तिकारी) केन्द्रीय समिति गहिरो दुःख व्यक्त गर्दछ। आदरणीय बुबा हिवाङ दोर्जे लामाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल कमरेड प्रवेश रुम्बा तथा सम्पूर्ण परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।"

# क्रान्तिकारी महिला संगठनद्वारा श्रद्धाञ्जली तथा समवेदना व्यक्त

काठमाडौं। क्रान्तिकारी महिला संगठन नेपालले संगठनकी केन्द्रीय सदस्य तथा उदयपुर जिल्ला अध्यक्ष हिरा खपांगी मगरको बुबाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा हार्दिक समवेदना व्यक्त गरेको छ। संगठनकी केन्द्रीय संयोजक शारदा महतले जारी गरेको श्रद्धाञ्जली वक्तव्यमा भनिएको छ, "हाम्रो गौरवशाली संगठन क्रान्तिकारी महिला संगठन नेपालको केन्द्रीय सदस्य तथा उदयपुर जिल्लाको संयोजक हिरा खपांगी मगरको पिता सुक्र बहादुर खपाँगी मगरको यहि मिति २०८३ श्रावण ११ गते उपचारका क्रममा ६९ बर्षको उमेरमा असमायिक निधन भएको छ। उहाँ लामो

समय देखि उच्च रक्तचाप, पार्किन्सन लगायतका रोगबाट पीडित हुनुहुन्थ्यो। उहाँको जन्म वि.स. २०१४ सालमा भएको थियो। उहाँ उदयपुर जिल्ला चौदण्डी गढी न.पा.वडा ८ धारापानी निवासी हुनु हुन्थ्यो। उहाँका ३ छोरा, २ छोरी हुनुहुन्छ। उहाँको निधनले वामपन्थी र आदिवासी जनजाति आन्दोलनलाई ठुलो क्षति पुगेको छ। हाम्रो संगठन पिता सुक्र बहादुर



खपाँगी मगरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै यस दुःखद् घडिमा हिरा खपाँगी मगर लगायत शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ।




**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।